सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ मंसिर २०८१, मंगलबार (26 Nov 2024, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २१९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सर्वोच्चमा विचाराधीन मुद्दा बेवास्ता गर्दै धितोपत्र बोर्डमा अध्यक्ष नियुक्ति

११ महिनासम्म स्वार्थ समूहको रस्साकस्सी र राजनीतिक दाउपेचका बिच सन्तोषनारायण श्रेष्ठ धितोपत्र बोर्डको अध्यक्ष नियुक्त



धितोपत्र बोर्ड अध्यक्षमा नियुक्त सन्तोषनारायण श्रेष्ठ कर्पोरेट दुनियाँमा दीपक भट्टनिकट मानिन्छन्। भट्ट प्रधानमन्त्री केपी ओलीका निकट छन्। अघिल्लो सरकारकै वेला बोर्ड अध्यक्ष नियुक्तिको विषय पेचिलो बनेको थियो। त्यतिवेलाका अर्थमन्त्री वर्षमान पुनले एमालेले अघि सारेका पात्रलाई नियुक्त नगर्दा सरकार नै ढालिएको सार्वजनिक अभिव्यक्ति दिँदै आएका छन्।

पवन तिमिल्सिना/नयाँ पत्रिका

सर्वोच्च अदालतमा विचाराधीन रहेको मुद्दालाई बेवास्ता गर्दै सरकारले पुँजीबजारको नियामक संस्था नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्ति गरेको छ। ११ महिनासम्म स्वार्थ समूहको रस्साकस्सी र राजनीतिक दाउपेचका बिच सरकारले सोमबार सन्तोषनारायण श्रेष्ठलाई अध्यक्ष नियुक्त गरेको हो।

प्रतिस्पर्धामा रहेका मुक्तिनाथ श्रेष्ठ र डा. नवराज अधिकारीलाई छाडेर सरकारले सन्तोषनारायणलाई नियुक्त गरेको हो। तर, कतिपयले विचाराधीन मुद्दा बेवास्ता गर्दै उनको नियुक्ति स्वार्थ समूहको चासोमा भएको र यसले पुँजीबजारमा नकारात्मक असर पर्ने टिप्पणी गरेका छन्।

अध्यक्षमा नियुक्त श्रेष्ठ कर्पोरेट दुनियाँमा दीपक भट्टनिकट मानिन्छन्। भट्ट प्रधानमन्त्री केपी ओलीका निकटका रूपमा चिनिन्छन्। अघिल्लो सरकारकै वेला बोर्ड अध्यक्ष नियुक्तिको विषय पेचिलो बनेको थियो। त्यतिवेलाका अर्थमन्त्री वर्षमान पुनले एमालेले अघि सारेका पात्रलाई नियुक्त नगर्दा सरकार नै ढालिएको सार्वजनिक अभिव्यक्ति दिँदै आएका छन्। अहिले श्रेष्ठको नियुक्तिमा भट्टकै भूमिका रहेको स्रोत बताउँछ।

बोर्ड अध्यक्ष नियुक्तिमा स्वार्थ समूहको कतिसम्म चासो थियो भन्ने बुझ्न यसको सुरुदेखिकै प्रक्रियालाई हेर्नुपर्ने हुन्छ। बोर्ड अध्यक्षका लागि तत्कालीन अर्थमन्त्री प्रकाशशरण महतको कार्यकालमा १६ फागुन ०८० मा राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ संयोजकत्वको सिफारिस समितिले पदपूर्तिको सूचना जारी गरेको थियो।

त्यहीबिचमा काग्रेस-माओवादीको गठबन्धन तोडिएपछि एमाले-माओवादी गठबन्धनबाट २३ फागुनमा अर्थमन्त्रीमा वर्षमान पुनले कार्यभार सम्हाले। त्यसपछि उनले बोर्ड अध्यक्ष नियुक्ति प्रक्रिया अगाडि बढाए। र, १ चैतमा १९ उम्मेदवारको सूची सार्वजनिक भयो।

सिफारिस समितिले २५ चैतमा सन्तोषनारायणसहित पाँचजना उम्मेदवार

» पृष्ठ २ मा क्रमशः

अध्यक्ष नियुक्ति प्रक्रिया गैरकानुनी छ

● **वर्षमान पुन**, पूर्वअर्थमन्त्री



बोर्ड अध्यक्ष नियुक्ति प्रक्रियासम्बन्धी मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ। अहिलेको नियुक्ति गैरकानुनी देखिन्छ। यदि पुरानै प्रक्रियाबाट छनोट गर्ने हो भने पनि सिफारिस समिति पुरानै (डा. मीनबहादुर श्रेष्ठको संयोजकत्व भएको) हुनुपर्थ्यो। हामीले त्यतिवेलामा पनि बोर्डको अध्यक्ष नियुक्तिमा स्वार्थ समूह हाबी हुन नपाउँदा सरकार ढलेको हो भनेका थियौं। जुन स्वार्थ समूहले सरकार बनाएको हो, त्यही समूहको स्वार्थ मिल्ने गरी सरकारले अध्यक्ष नियुक्ति गरेको छ। अब त्यो समूहले नयाँ स्टक एक्सचेन्जको लाइसेन्स पनि लिनेछ।

नवनियुक्त अध्यक्षलाई प्रोफेसनल प्रमाणित गर्नुपर्ने चुनौती छ

● **नीरज गिरी**, पूर्वकार्यकारी निर्देशक, नेपाल धितोपत्र बोर्ड



लामो राजनीतिक खिचातानीपछि अध्यक्ष नियुक्त उहाँ (श्रेष्ठ)ले आफूलाई कुनै दल वा स्वार्थ समूह निकट नभई प्रोफेसनल व्यक्ति भएको प्रमाणित गर्नुपर्ने चुनौती देखिन्छ। विवादबिच नियुक्त भएका अध्यक्षसँग काम गर्न कर्मचारी पनि हतोत्साहित हुन सक्छन्। उहाँले निश्चित घराना वा स्वार्थ समूहका लागि काम गर्नुहुन्छ कि भन्ने जुन आशंका छ, त्यसलाई चिर्नुपर्ने दायित्व उहाँकै हो।

मानव तस्करीमा मुछिएका कोशीका पूर्वमन्त्री अधिकारीलाई उन्मुक्ति

अधिकारीसहित १२ जनाविरुद्ध मुद्दा चलाउनुपर्ने प्रहरीको रायमा सत्ताको कैँची, पीडितसहित ११ विरुद्ध मात्रै मुद्दा

■ पूर्वमन्त्री अधिकारीले अनुसन्धानमा सघाएको विषयलाई आधार बनाएर सरकारी वकिल कार्यालयद्वारा मुद्दा नचलाउने निर्णय

यो प्रकरणमा तत्कालीन मन्त्रीमाथि मुद्दा नचलाउने निर्णय जायज देखिँदैन



● **विज्ञानराज शर्मा**, पूर्वएआइजी

यो घटनामा प्रहरीले संगठित अपराधको कसुरतर्फ अनुसन्धान गरेको भए धेरै तथ्य आउन सक्थ्यो। घटना संगठित प्रकृतिको देखिए पनि प्रहरीले संगठित अपराधतर्फ अनुसन्धान गर्न चासो दिएको देखिएन। जापानबाट डिपोर्ट भएलगत्तै मन्त्रीलाई नथुन्नु पनि गलत हो। यो प्रकरणमा तत्कालीन मन्त्रीमाथि मुद्दा नचलाउने निर्णय जायज देखिँदैन।

टेकराज थामी/नयाँ पत्रिका

जापानमा मानव तस्करी तथा सरकारी कागजात किर्ते अभियोगमा पक्राउ परेका कोशी प्रदेशका तत्कालीन आन्तरिक मामिला तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारीले शक्तिको आडमा उन्मुक्ति पाएका छन्। सत्तारूढ दल एमालेका प्रदेश सांसद अधिकारीलाई प्रमाण नपुगेको भन्दै जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले उन्मुक्ति दिँदा लाखौं पैसा असुलेर उनीसँगै जापान पठाइएका पीडितसहित ११ विरुद्ध भने मुद्दा चलाइएको छ।

प्रारम्भिक अनुसन्धानमै मानव तस्करीमा अधिकारीको भूमिका देखिएपछि गत २५ कात्तिकमा विराटनगरस्थित घरबाटै उनलाई प्रहरीले पक्राउ गरेको थियो। तीन साता लामो अनुसन्धानपछि प्रहरीले उनीसहित १२ जनाविरुद्ध नै मुद्दा चलाउनुपर्ने रायसहितको प्रतिवेदन दिएको थियो। तर,

» पृष्ठ २ मा क्रमशः



● **लीलाबल्लभ अधिकारी** निवर्तमान मन्त्री, कोशी

यसरी कमजोर बनाइयो मुद्दा

तस्करीको व्यवस्थापनमा मुख्य भूमिका रहेका महेश पाण्डे र मोरङका गोपाल भनिने योगराज गौतमकै योजनामा तत्कालीन मन्त्री अधिकारी जापान उडेका थिए। जापान जानका निम्ति मन्त्री अधिकारीलाई 'कन्भिन्स' गर्ने काम गौतमले नै गरेका थिए। यस प्रयोजनमा मन्त्री अधिकारीसँग पाण्डेलाई भेटाइदिने कामसमेत गौतमले गरेका थिए। तर, प्रहरीले गौतमलाई पक्राउ गरेन। अधिकारी पक्राउ परेसँगै उनी भूमिगत बनेका थिए। अभियोगपत्रमा उनलाई फरार सूचीमा राखिएको छ। त्यसबाहेक उदयपुरका विष्णु भट्टराई र अमेरिका बस्ने दिवाकरबाबु भट्टराईको पनि घटनामा मुख्य भूमिका छ। उनीहरू पनि पक्राउ परेका छैनन्। मुख्य बिचौलिया नै पक्राउ नपरेपछि अधिकारीविरुद्ध थप महत्त्वपूर्ण प्रमाणहरू प्राप्त हुन सकेन। उनले अनुसन्धानमा सघाएको विषयलाई आधार बनाएर सरकारी वकिल कार्यालयद्वारा मुद्दा नचलाउने निर्णय गरिएको छ।

■ प्रहरी अनुसन्धानमा सत्ताको छाया

बालमन्दिरको जग्गा हिनामिनामा संलग्न उपप्रधानमन्त्री सिंहकी दिदीदेखि झापामा हत्या अभियोगका मुछिएका एमाले सांसदका भाइसम्मलाई उन्मुक्ति



रीतासिंह वैद्य



रेखा शर्मा



बुद्धिमान थापा

सत्तासँग निकट भएका व्यक्तिमाथि प्रहरी सफ्ट देखिएको छ



● **हेमन्त मल्ल**, पूर्वडिआइजी

जो सत्तामा छ, उनीहरूनिकटमाथिको अनुसन्धानमा प्रहरीले ढिलाइ गर्ने र नरम हुने गरेको छ, अहिले पनि त्यस्तै सुनिन थालेको छ। यस्तो प्रवृत्तिले सरकार फेरिएसँगै एउटै घटनाको अनुसन्धानमा फरक-फरक दृष्टिकोण देखिन्छ, यो प्रवृत्ति प्रहरीका लागि घातक छ। प्रहरी नेतृत्वले यसमा ख्याल गर्नुपर्छ।

नवराज मैनाली/नयाँ पत्रिका

प्रहरी अनुसन्धानमा सत्ताको छाया बढ्दै गएको छ। सत्तारूढ दलका नेता र उनीहरूका आफन्तले धमाधम गम्भीर अभियोगमा उन्मुक्ति पाइरहेका छन्। कोशीका पूर्वमन्त्री लीलाबल्लभ अधिकारी मात्र होइन, दुई साताअघि झापामा भएको हत्या मुद्दामा एमाले सांसदका भाइलाई सरकारी वकिल कार्यालयले उन्मुक्ति दिएको थियो।

» पृष्ठ २ मा क्रमशः

■ कांग्रेसको दबाबपछि प्रधानमन्त्री एक कदम पछाडि

बिआरआई कार्यान्वयन योजनामा हस्ताक्षर नहुने सन्देश



सिंहदरबारस्थित कार्यालयमा सोमबार पूर्वप्रधानमन्त्री र पूर्वपरराष्ट्रमन्त्रीहरूसँग चीन भ्रमणकेन्द्रित छलफल गर्दै प्रधानमन्त्री केपी ओली

पर्शुराम काफ्ले/नयाँ पत्रिका

चीन भ्रमणमा विनासर्त बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) कार्यान्वयन योजनामा हस्ताक्षर गर्ने मनस्थितिमा रहेका प्रधानमन्त्री केपी ओली एक कदम पछाडि हटेका छन्। सत्तारूढ दल काग्रेसले ऋणमा बिआरआई परियोजना ल्याउनै नहुने बलियो अडान राखेपछि प्रधानमन्त्री ओलीले भ्रमणका वेला ऋणको सर्तमा बिआरआई कार्यान्वयन योजनामा हस्ताक्षर नहुने सन्देश

» पृष्ठ २ मा क्रमशः

■ कार्यदलको सुझावपछि फेरिए ओली

बिआरआईमा साझा धारणा बनाउन प्रधानमन्त्री ओली र काग्रेस सभापति देउवाद्वारा गठित अनौपचारिक कार्यदलले बिआरआई कार्यान्वयन योजनामा हस्ताक्षर नगर्न सुझाएको छ। कार्यान्वयन योजनाको मस्यौदा अमूर्त भएको र त्यसमा हस्ताक्षर गर्नुको अर्थ नहुने सुझाव कार्यदलले दिएपछि प्रधानमन्त्री ओली पछाडि हटेको उच्च राजनीतिक स्रोत बताउँछ। त्यसपछि प्रधानमन्त्री ओलीको बोली फेरिएको निकटस्थहरू बताउँछन्। प्रधानमन्त्री ओलीले शुक्रबार आयोजित जागरणसभा र गत साता मन्त्रिपरिषद् बैठकमै चीनबाट थप ऋण लिन नहुनेमा काग्रेस-एमाले एक ठाउँ रहेको र गठबन्धन तलमाथि नहुने प्रस्टीकरण दिएका थिए। प्रधानमन्त्री ओलीलाई सत्तागठबन्धनमा प्रभाव पर्ने गरी कुनै जोखिम नमोल्न एमाले नेताहरूकै सुझाव छ। अनौपचारिक कार्यदलमा प्रधानमन्त्री ओलीका तर्फबाट मुख्य सल्लाहकार विष्णु रिमाल र आर्थिक सल्लाहकार डा. युवराज खतिवडा तथा देउवाका तर्फबाट महामन्त्री गगन थापा र अधिवक्ता सेमन्त दाहाल थिए। कार्यदलले अनौपचारिक रूपमा नै बिआरआई कार्यान्वयन योजनाको मस्यौदाका आधारमा सुझाव र धारणा पेस गरेको थियो। यद्यपि, दुई दलले औपचारिक रूपमा कार्यदलको तहमा भएको अध्ययनबारे केही बताएका छैनन्।

सडकमा फोहोर गर्नेविरुद्ध महानगरको कारबाही तीव्र



एक सातामै आठ व्यक्ति र संस्थालाई १० हजारदेखि एक लाखसम्म जरिवाना

एमालेलाई पनि जरिवाना गराइछाड्ने पक्षमा महानगर

(पृष्ठ ३)

कता जाँदै छ कीर्तिपुर ?



अग्रलेख

● तारालाल श्रेष्ठ

कीर्तिपुरमा कस्तो राजनीतिक अभीष्ट बोकेर कस्ता मानिसले चलखेल गरिरहेका होलान्, यसै भन्न सकिने अवस्था छैन

(पृष्ठ ४)

■ राष्ट्रसंघ भन्छ-

महिला घरमा पनि असुरक्षित

सन् २०२३ मा हरेक दिन औसत १४० महिला र केटीहरू आफ्नै घनिष्ठ साथी वा नजिकको नातेदारबाट मारिएको खुलासा

(पृष्ठ ५)

भन्सार दर घटेपछि सुनको मूल्यमा एकै दिन १५ हजार नौ सयको गिरावट



अवैध व्यापार नियन्त्रण हुने अपेक्षा, तत्काल दुई सय किलो सुन आयात गर्ने वाणिज्य बैंकको तयारी

भन्सार महसुल घटे पनि नेपाल र भारतमा १० ग्राम सुनको मूल्यमा चार हजार रुपैयाँको अन्तर छ। यसअघि यस्तो मूल्यमा १६ हजार रुपैयाँको अन्तर थियो।

(पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

जाडो बढेसँगै बैंसी झरे सौका समुदाय

सौका समुदाय गर्मी मौसममा खलंगाबाट थातथलो टिंकर जाने र हिमाली भेगमा चिसो बढ्न थालेपछि फेरि खलंगा फर्किन्छन्। पशुचौपाया र सरसामानसहित भारतको बाटो भएर आवतजावत गर्नुपर्दा धेरै दुःख हुने गरेको उनीहरूको भनाइ छ।

दार्चुलामा **नरेन्द्रसिंह कार्की**



चिसो मौसम सुरु भएसँगै ब्याँस गाउँपालिका- १ तिंकरका ब्याँसी सौका समुदाय पशुचौपायासहित खलंगा झरेका छन्। गर्मी मौसममा तिंकर उक्लिएका उनीहरू हिमाली भेगबाट चिसो छल्न मंसिर दोस्रो साता सदरमुकाम खलंगा आएका हुन्।

दार्चुलामा मात्र बसोवास रहेको सौका समुदायको बसाइँसराइलाई उनीहरूको भाषामा 'कुन्चा' सर्नु भनिन्छ। सौका समुदाय गर्मी छल्न थातथलो तिंकर जान्छन् र चिसो बढेपछि पुनः फर्किन्छन्। पशुचौपाया र सरसामानसहित उनीहरू वैशाख पहिलो साता भारतकै बाटो खलंगाबाट थातथलो तिंकर उक्लिएका थिए। सदरमुकाम खलंगाबाट २८ कोस उत्तरमा ब्याँस पर्दछ। ३७०० मिटर उचाइको तिंकरका सौका समुदाय हरेक वर्ष ६ महिना बैंसीतिर र ६ महिना गाउँमा बसोवास गर्छन्। पशुपालन र व्यापार गर्दै आएका सौका समुदायको मौसमअनुसार खलंगा र तिंकरमा बसोवास हुन्छ।

तिंकरका ३५ भन्दा बढी परिवार आइतबार खलंगा आएको ब्याँस गाउँपालिका- १ का वडासचिव विनोदसिंह बुढाथोकीले बताए। गाउँमा चिसो अत्यधिक बढेर हिमपात हुने अवस्था आएपछि कुन्चा सारेको उनको भनाइ छ। एक साता लगाएर तिंकरको 'कुन्चा' खलंगा पुगेको ब्याँस गाउँपालिका- १ का दानसिंह तिंकरीले बताए।

आफ्नो भूगोल भएर पनि घोरेटो बाटोसमेत नहुँदा सर्वसाधारणले आवतजावतमा सास्ती झेल्नुपरेको तुला तिंकरी बताउँछन्। छांगरू र तिंकर जान भारतीय भूमि प्रयोग गर्नुपर्छ। 'मान्छे भए त गाडीमा चार घण्टाको यात्रा हो। तर, पशुचौपाया ल्याउँदा समस्या हुन्छ,' तुलाले भने, 'पशुचौपायासँगै ६ महिना पुग्ने रासनसमेत सँगै ल्याउनुपर्छ। गाउँमा उब्जाउ गरेको अन्न खलंगामा खान मिल्छ।'

छांगरूका ३ परिवार मात्रै सदरमुकाम खलंगा पुगेका छन्। उनीहरू यो दोस्रो साताभित्र खलंगा झर्ने तयारी भएको ब्याँस गाउँपालिका-१ का वडाध्यक्ष अशोकसिंह बोहराले बताए।



↑ सुनसान तिंकर

स्थानीय खलंगा र सुरक्षाकर्मी छांगरू झरेपछि तिंकर पूरै सुनसान बनेको छ। स्थानीयले ढोकामा ताला लगाएर खलंगा झरेको ब्याँस गाउँपालिका- १ का दानसिंह तिंकरीले बताए। 'यहाँको सुरक्षा जिम्मेवारी भगवान्भरोसा छ। ढोकामा लगाइएको ताला अब वैशाखमा मात्रै खुल्छ। अत्यधिक हिमपात हुने गरेका कारण चोरी हुने सम्भावना हुँदैन,' उनले भने। टिंकरनजिकै रहेको छायालेकमा सशस्त्र प्रहरी बलको बोर्डर आउट पोस्ट (बिओपी) र इलाका प्रहरी कार्यालय टिंकर छ। 'टिंकरमा माइनस तापक्रम पुगेको छ। छांगरूमै माइनस तापक्रम पुग्ने वेला भइसक्यो,' सशस्त्र प्रहरी बलका डिएसपी लिली चन्दले भने, 'मान्छे नै कोही नभएपछि सुरक्षाकर्मी छांगरू झरेका छन्।' सरकारले दुई वर्षदेखि छांगरूमा वर्षभरि नै सुरक्षाकर्मीको उपस्थिति गराएको छ।

प्रहरी अनुसन्धानमा...

पृष्ठ १ बाट क्रमशः

झापाको दमक नगरपालिका- ९ आशिष टोलका यामु निरौलाको हत्या प्रकरणमा एमाले कोशी प्रदेश सभा सांसद होमबहादुर थापाका भाइ बुद्धिमान थापासहित ६ जनाविरुद्ध मुद्दा नचल्ने निर्णय भएको थियो। जग्गाको विवादमा निरौलाको हत्या भएको थियो। जसमा नौजनाविरुद्ध मुद्दा दायर गर्न प्रहरीले सिफारिस गरेकोमा बुद्धिमानसहितका व्यक्तिलाई पहुँचका आधारमा उन्मुक्ति दिएको भन्दै पीडित पक्षले असन्तुष्टि जनाएको छ। प्रहरीले सुरुमा थापालाई पक्राउ गरी मुद्दा बुझाउने वेला बोलाएर योजनाबद्ध रूपमा सरकारी वकिल कार्यालयमा पेस गरी उनलाई उन्मुक्तिको वातावरण बनाएको थियो।

उपप्रधानमन्त्री प्रकाशमान सिंहकी दिदी रितासिंह वैद्य मुछिएको बालमन्दिर जग्गा हिनामिनाको अनुसन्धान पनि 'डिसमिस' गराउने तयारी भइरहेको छ। ३३ वर्ष अध्यक्ष रहँदा वैद्यले परोपकारी संस्था बाल संगठनको नक्सालस्थित २८ रोपनी जग्गा विनाप्रतिस्पर्धा कौडीको भाउमा वि.सं. २१३१ सम्मका लागि लिजमा दिएर अनियमितता गरेको विषयमा संसदीय समितिदेखि जाँचबुझ आयोगले कारबाही सिफारिस गरेको थियो। सिआइबीले गत जेठमा मुद्दा दर्ता गरेर अनुसन्धान अघि बढाएकोमा हाल अनुसन्धान मुद्दा नचलाउनेतर्फ अघि बढेको स्रोत बताउँछ।

लुम्बिनी प्रदेशकी एमाले सांसद रेखा शर्माविरुद्धको अनुसन्धान पनि दबाबकै कारण प्रहरीमा अलपत्र छ। गैरकानुनी रूपमा घरेलु कामदारका रूपमा राखिएकी बालिकालाई यातना दिएको भन्दै काठमाडौं महानगरपालिकाले उनीविरुद्ध जाहेरी दिएको थियो। जसमा सरकारकै दबाबमा अनुसन्धान नभएको भन्दै मेयर बालेन्द्र शाहले समेत सामाजिक सञ्जालमार्फत आक्रोश व्यक्त गरेका थिए।

दाङकी एक निम्न आर्थिक अवस्था भएको परिवारकी बालिकालाई पढाइदिने भन्दै घरमा राखेकोमा अत्यधिक काममा लगाउने गरेको गुनासोका आधारमा उनलाई महानगरले उद्धार गरेको थियो। जाहेरी दर्ता भएपछि त्यसविरुद्ध सांसद शर्मा उच्च अदालत गएकी थिइन्। सुरुमा अदालतले धरपकड नगर्न अन्तरिम आदेश दिएकोमा २३ साउनमा दाबी नपुग्ने फैसला भएपछि अनुसन्धानका लागि बाटो खुलेको थियो। त्यसपछि पनि प्रहरीले अनुसन्धानमा चासो दिएको छैन। प्रधानमन्त्री केपी ओलीले नै शर्मालाई जोगाएको आरोप महानगरपालिकाका मेयर शाहले लगाएका थिए। काठमाडौं प्रहरीमा सो अनुसन्धान सत्ताकै कारण प्रभावित बनेको छ।

साथै, सत्तारूढ दल नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङ तथा एमाले नेता ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइराला मुछिएको सहकारी ठगीको अनुसन्धान पनि सत्ताबाट प्रभावित भएको आरोप प्रहरीमाथि लाग्दै आएको छ। व्यापक आलोचनापछि गुरुङसँग प्रहरीले सामान्य सोधपुछ मात्र गरेको छ भने कोइरालालाई अझै अनुसन्धानकै दायरामा ल्याइएको छैन।

त्यस्तै, आइतबार मात्र सत्तारूढ दलका नेतासँग निकट सम्बन्ध भएका प्रहरीका एसपी कमल थापालाई समेत मुद्दाबाट जोगाइएको छ। गत ७ असोजमा ललितपुरको भैँसेपाटी प्रभागमा व्यवसायीलाई पक्राउ गरी बलात्कार मुद्दामा फसाउने धम्की दिएर ३० लाख लेनदेन गरी छाडिएको थियो। जसमा प्रभागकी इन्स्पेक्टर बिनुकुमारी शाहीसहित ६ जनाविरुद्ध आइतबार मुद्दा दायर भएको छ। जब कि गिरोहका नाइके ताज इस्लाम र इन्स्पेक्टर शाहीबिच उनै एसपी थापाले चिनजान गराइदिने मात्र होइन, योजनामै संलग्नता देखिएको थियो। आरोपी इस्लामले नै बयानमा सो कुरा बताएका छन् भने प्राविधिक अनुसन्धानमा पनि त्यो तथ्य खुलेको थियो। तर, उनलाई सिआइबीले नै मुद्दा नचलाउने निर्णय गरेर अनुसन्धान प्रतिवेदन बुझाएको थियो।

यस्तो कार्यशैलीका कारण प्रहरीको अनुसन्धानसमेत विवादमा पर्दै गएको छ। विपक्षीका गल्ती खोज्दै पक्राउ गर्ने तथा सत्तापक्षका गल्ती लुकाउन सत्ताले प्रहरीलाई प्रयोग गरेको टिप्पणी हुन थालेको छ।

मानव तस्करीमा...

पृष्ठ १ बाट क्रमशः

सरकारी वकिल कार्यालयले अधिकारीले अनुसन्धानमा सघाएकोजस्ता विषयलाई आधार बनाएर मुद्दा नचलाउने निर्णय गरेको हो। यस्तो निर्णयपछि सरकारी वकिल कार्यालयका सन्देश श्रेष्ठसहितका अधिकारीले मोबाइल स्विचअफ गरी त्यस विषयमा प्रतिक्रियासमेत दिएका छैनन्। सूचना अधिकारी चन्द्रप्रसाद सञ्जेलले मिडियामा समाचार देखेर निर्णय थाहा पाएकाले विस्तृतमा थाहा नभएको जवाफ दिए। 'मानव बेचबिखन तथा ओसारपसार र लिखत किर्ते कसुरमा ११ विरुद्ध अदालतमा मुद्दा दर्ता भएको र पूर्वमन्त्री अधिकारीविरुद्ध अभियोगपत्र दर्ता नभएको सम्बन्धमा समाचार पढेर थाहा पाएँ। यस विषयमा विस्तृतमा बुझ्न मैले पनि पाएको छैन,' उनले भने। महान्यायाधिवक्ता कार्यालयकै निर्देशनमा सांसद अधिकारीलाई मुद्दा नचलाउने निर्णय भएको स्रोत बताउँछ।

जिल्ला अदालत काठमाडौंका स्रेस्तेदार रामु शर्माले मन्त्री अधिकारी मुछिएको मानव तस्करी तथा सरकारी कागजात किर्ते कसुरसँग सम्बन्धित मुद्दा अदालतमा दर्ता भएको, तर ११ जनाविरुद्ध मात्रै अभियोग लगाइएको बताए।

पूर्वमन्त्री अधिकारीविरुद्ध मुद्दा नचलाउनुमा सरकारी वकिल कार्यालयले घटनाका मुख्य बिचौलिया महेश पाण्डेसँग कुनै सम्पर्क नभएको, मन्त्री अधिकारीले नै घटनामा संलग्नविरुद्ध कारबाही गर्न प्रहरीलाई सूचना दिएको, जापान सरकारले मन्त्री अधिकारीलाई 'डिपोर्ट' नगरेको, तर सँगै गएका तीनजनालाई 'डिपोर्ट' गरेपछि आफ्नै अनुरोधमा नेपाल फिर्ता भएकोलगायतका तथ्यलाई आधार मानेको छ। तर, प्रहरी अनुसन्धानमा मन्त्री अधिकारी र बिचौलिया पाण्डेबिच पटक-पटक टेलिफोन संवाद भएको देखिएको थियो। जापान जानुअघि बिचौलियासँगै बसेर उनले फोटो खिचेका थिए भने जापान जानुअघि मुख्यमन्त्रीलाई जानकारीसम्म गराएका थिएनन्। मन्त्रीको नाममा निमन्त्रणा मगाएर रातो पासपोर्ट बोकी व्यक्तिगत भ्रमणमा गएका थिए। यसरी सो भ्रमणमा जान मरिहत्ते गर्नुले यसमा उनको व्यक्तिगत स्वार्थ प्रस्ट देखिन्छ।

उनको टिकट बुकिङदेखि होटेलको व्यवस्थासम्म तस्करीमा संलग्न समूहले नै गरिदिएको थियो। अधिकारीसँगै जापान पुगेका तीन युवालाई त्यहाँको विमानस्थल अध्यागमनले सँगसँगै 'डिपोर्ट' गरेर नेपाल फर्काइदिएपछि मात्रै घटना बाहिरिएको थियो।

'मानव तस्करीकै लागि पूर्वमन्त्री अधिकारीले आफ्नो पदको दुरुपयोग गरेको प्रस्ट देखिन्छ,' अनुसन्धानमा आबद्ध जिल्ला प्रहरी परिसर काठमाडौंका एक प्रहरी अधिकारीले भने, 'तर, शंकाको सुविधा दिएर सरकारी वकिलले न्यायाधीशजस्तो बनेर मुद्दा नचलाउने निर्णय गर्दा आश्चर्यमा परेका छौं।' अनुसन्धानको क्रममा अधिकारीविरुद्ध मुद्दा कमजोर बनाउन दबाब परेको स्रोत बताउँछ। स्रोतका अनुसार सकेसम्म प्रहरीमार्फत नै मुद्दा नचलाउने सिफारिस गर्न दबाब दिइएको थियो, तर प्रहरी अधिकारीले आफूहरूलाई अप्ठ्यारो हुने बताएपछि सरकारी वकिलमार्फत निर्णय गराइएको थियो। साथै, घटना संगठित प्रकृतिको भए पनि प्रहरीले त्यसतर्फ अनुसन्धान नगरी सामान्य अनुसन्धान गरेर प्रतिवेदन बुझाएको थियो।

घटनाको अनुसन्धानमा संलग्न जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी वसन्त रजौरेले समेत अधिकारी र घटनामा संलग्नबिच टेलिफोन संवाद हुने गरेको तथ्य फेला परेको बताएका थिए। सोही आधारमा अनुसन्धान गर्न भन्दै जिल्ला प्रहरी परिसर काठमाडौंले मन्त्री अधिकारी र पक्राउ परेका अन्य आठविरुद्ध पहिलोपटक २ र दोस्रोपटक १० दिनको म्याद थप गरेको थियो। तर, सरकारी वकिल कार्यालयले भने अधिकारी र घटनामा संलग्न पाण्डेबिच टेलिफोन संवाद नै नभएको दाबी गरेको छ। सोही आधारमा मन्त्री अधिकारीलाई उन्मुक्ति दिइएको छ।

मुद्दा नचलेपछि अधिकारी सोमबार साँझ नै रिहा भएका छन्। उनीसँगै जापानको राजधानी टोकियोस्थित नारिता अन्तर्राष्ट्रिय विमानस्थलसम्म पुगेका खोटाङका कोपिलासगढी गाउँपालिका- ४ का जनक राई र रसुवा कालिका गाउँपालिका- ५ का कञ्चन देवकोटासँग कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयको नक्कली परिचयपत्र नै फेला परेको थियो। प्रहरीका अनुसार उक्त परिचयपत्र तत्कालीन मन्त्री अधिकारीकै सहमतिमा तयार भएको थियो। तर, सरकारी वकिल कार्यालयले भने उक्त परिचयपत्र तयार गर्न मन्त्री अधिकारीको कुनै भूमिका नरहेको दाबी गरेको छ। यद्यपि, अधिकारीकै मन्त्रालयको नाममा परिचयपत्र बन्नुले यसमा उनको समेत संलग्नता रहेको दाबी प्रहरीको थियो।

मन्त्री अधिकारीसँगै जनक, कञ्चन र खोटाङ ऐँसेलुखर्क गाउँपालिका- २ का दाबा शेर्पा गत ११ कात्तिकमा 'इन्टरनेसनल कन्फरेन्स अन ओपन एक्सेस टू कल्चर, ०२४'मा सहभागी हुन भनेर जापान उडेका थिए। तर, जापानस्थित अध्यागमनले प्रवेश अनुमति नदिई 'डिपोर्ट' गरिदिएपछि चारैजना १४ कात्तिकमा नेपाल फर्किएका थिए। मन्त्रीसँगै जनक, कञ्चन र दाबालाई जापान लैजान पाण्डेले मुख्य भूमिका खेलेका थिए। चारैजनाको हवाई टिकट खरिद र होटेल बुक उनैले गरेका थिए। यस प्रयोजनका लागि पाण्डेले जनक, कञ्चन र दाबाबाट जनही १० देखि १३ लाख रुपैयाँ असुलेको प्रहरीको अनुसन्धानबाट खुलेको थियो। यसरी पैसा बुझाएर जानेहरूलाई समेत प्रहरीले थुनामा राखेर मुद्दा चलाउँदा मन्त्री पदको दुरुपयोग गरी मानव तस्करीमा संलग्न गिरोहलाई सघाउने अधिकारीलाई भने उन्मुक्ति दिएपछि सरकारी वकिलको निर्णय विवादमा परेको छ।

प्रहरीले पहिला अधिकारीसँगै जापानबाट नेपाल फर्किएका जनक, कञ्चन र दाबालाई तत्काल पक्राउ गरेको थियो। त्यसपछि अधिकारीलाई २५ कात्तिकमा पक्राउ गरेको थियो। अनुसन्धानकै क्रममा नुवाकोट विदुर नगरपालिका- ७ का जुगल रिजाल, दोलखा जिरी नगरपालिका- ९ का वीरबहादुर सुनुवार, रसुवा कालिका गाउँपालिका- ५ का गुडी राई र नवीन राई तथा धादिङ त्रिपुरा-सुन्दरी गाउँपालिका- ६ का महेश पाण्डे पनि पक्राउ परेका थिए। नक्कली परिचयपत्र बनाउने गुडी र नवीनविरुद्ध लिखत किर्ते मुद्दा दायर भएको छ।

मन्त्रीसहितको टोलीलाई भिसा लगाउने, कार्यक्रमका लागि निमन्त्रणा पठाउने र किर्ते कागजात खडा गर्नेलगायतका सबै धन्दामा महेशसँगै जुगल र वीरबहादुरले मुख्य भूमिका खेलेका थिए। जापानमा 'इन्टरनेसनल कन्फरेन्स अन ओपन एक्सेस टू कल्चर-२०२४' नामको कार्यक्रम ७ दिनसम्म चल्ने र सोही कार्यक्रमको अतिथिका रूपमा निमन्त्रणा आउने जानकारीसमेत महेशले अधिकारीलाई गराएका थिए। कार्यक्रममा सहभागी हुन जनक र कञ्चनसँगै दाबा पनि जाने अनि हङकङ पुगेपछि मात्रै उनीहरूले भेट्ने जानकारी महेशले अधिकारीलाई दिएका थिए। प्रहरीका अनुसार अधिकारीसहित जापान हिँडेका चारजनालाई १५ दिनको भिजिट भिसा लगाइएको थियो। तर, कार्यक्रमको अवधि भने ७ दिन मात्रै थियो। जापान पुगेपछि अधिकारी फिर्ता हुने, तर दाबा, कञ्चन र जनक भने उतै लुक्ने योजना थियो। सोही प्रयोजनका लागि उनीहरूले महेशलाई पैसा बुझाएका थिए। यसबापत अधिकारीको हवाई टिकट, होटेल बसाइ र सपिङ खर्च महेशले नै व्यहोर्ने भनिएको थियो।

सर्वोच्चमा...

पृष्ठ १ बाट क्रमशः

छनोट गरेको अर्थ मन्त्रालयको वेबसाइटमार्फत जानकारी गरायो। छनोटमा परेका पाँचजनालाई ५ असार ०८१ मा अन्तर्वार्ताका लागि बोलाइयो। अन्तर्वार्तामा सन्तोषनारायाण र मुक्तिनाथ मात्र उपस्थित भए। समिति दुविधामा परेपछि महान्यायाधिवक्ताको कार्यालयमा राय मागिएको थियो। दुईजना मात्रै सिफारिस गर्न नमिल्ने महान्यायाधिवक्ताको कार्यालयबाट राय आयो। बाँकी तीनजना नआएकाले १४ असारमा समितिले छनोट प्रक्रिया नै रद्द गर्‍यो।

जब प्रक्रिया रद्द भयो, अध्यक्ष नियुक्तिमा आन्तरिक रूपमा चलिरहेको राजनीतिक विवाद सतहमा आउन थाल्यो। छनोटमा परेका सन्तोषनारायणले छनोट प्रक्रिया रद्द गर्ने निर्णयविरुद्ध सर्वोच्चमा रिट दायर गरे। अदालतले छनोट प्रक्रिया रद्द नगर्न अन्तरिम आदेश जारी गर्‍यो। २१ असारमा अन्तरिम आदेश दिएको अदालतले ३० पुसमा अर्को पेसी तोकेको छ।

बोर्डको अध्यक्ष नियुक्ति प्रक्रिया अदालतमा पुगेसँगै माओवादी-एमाले गठबन्धन सरकार पनि ढल्यो। त्यसपछि कांग्रेससँगको गठबन्धनमा एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकार गठन भयो र ३१ असारमा विष्णु पौडेलले अर्थमन्त्रीको जिम्मेवारी पाए।

नयाँ सरकारले योजना आयोगको उपाध्यक्षमा डा. शिवराज अधिकारीलाई ल्यायो। उनले थाती रहेको सिफारिस समितिको प्रक्रिया पुनः अघि बढाए। ९ असोज ०८१ मा सूचना जारी गरी १८ असोजका लागि छनोट भएका उम्मेदवारलाई पुनः बोलाइयो। १८ असोज ०८१ मा सिफारिस समितिका संयोजक प्राडा शिवराज अधिकारी अस्वस्थ भएको कारण देखाउँदै अन्तर्वार्ता तथा प्रस्तुतीकरण स्थगित भयो।

२९ असोज ०८१ मा सूचना जारी गरी ९ मंसिरका लागि पुनः अन्तर्वार्ता र प्रस्तुतीकरणका लागि बोलाइयो। ९ मंसिर ०८१ मा अन्तर्वार्ता तथा प्रस्तुतीकरण सम्पन्न भएर तीनजनाको नाम सिफारिस भयो। १० मंसिर ०८१ मा मन्त्रिपरिषद्को बैठकबाट अध्यक्ष नियुक्ति गरियो।

सर्टिफिकेट हरायो

मिति २०८१/४/५ गते सिनामंगलदेखि पुतलीसडकसम्म जाँदा मेरो Pokhara University बाट जारी Bachelor को ट्रान्सकिप्ट, प्रोभिजनल र माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name : Bhuvan Duwadi
Reg. No. : 2011-1-07-0151
Exam Roll No : 12070009
Contact : 9845845941

बिआरआई...

पृष्ठ १ बाट क्रमशः

दिएका छन्। बिआरआईबारे कांग्रेस र एमाले दुई ध्रुवमा छन्।

सोमबार सिंहदबारस्थित प्रधानमन्त्री कार्यालयमा पूर्वप्रधानमन्त्री एवं पूर्वपरराष्ट्रमन्त्रीहरूसँग चीन भ्रमण केन्द्रित छलफलमा प्रधानमन्त्री ओलीले पुरानै सम्झौता कार्यान्वयनमा जोड दिने, तर ऋणसँग सम्बन्धित कुनै सम्झौता नगर्ने प्रस्टीकरण दिएका छन्। प्रधानमन्त्री ओली कांग्रेससँग दूरी बढ्ने अवस्थामा ऋणको सर्तमा बिआरआई कार्यान्वयन योजनामा हस्ताक्षर नगर्ने पक्षमा उभिएका हुन्।

'हामीलाई आवश्यक भएमा जुनसुकै मुलुक र निकायबाट राष्ट्रिय स्वार्थका आधारमा ऋण वा अनुदान लिन सक्छौँ। ऋणको पासोमा पार्न ऋण लिइँदै छ भनेर गरिने अनावश्यक हल्लामा हामी लाग्नुहुँदैन,' प्रधानमन्त्री ओलीले सोमबार बैठकमा भने, 'तर, अहिले हाम्रो प्राथमिकता वैदेशिक सहायतामा छ।' तर, प्रधानमन्त्रीले मध्यमार्गी विकल्प खोज्न सकिने जनाउ पनि दिएका छन्। छलफलमा प्रधानमन्त्री ओलीले चीनले नेपालमा ठेक्कापट्टादेखि सबै कार्य बिआरआईअन्तर्गत भनेको भन्दै त्यसलाई ऋणका रूपमा मात्रै लिन नहुने बताए। प्रधानमन्त्री भएपछि यसपटक चीनको पहिलो भ्रमण गर्न लागेको विषयलाई पनि अन्यथा लिन नहुने ओलीको भनाइ थियो।

'हामी पहिला जुन मुलुकको भ्रमणमा गए पनि देशको सार्वभौमिकता, स्वाधीनता र स्वतन्त्रता अन्तर्राष्ट्रिय हितसहितको राष्ट्रहितलाई सर्वोपरी प्राथमिकतामा राख्छौँ,' प्रधानमन्त्रीको भनाइ थियो, 'नेपालका कार्यकारी प्रमुखको औपचारिक भ्रमण पहिला कुन मुलुकबाट गर्ने भन्ने यहाँको आवश्यकता र निर्णयका आधारमा हुन्छ। यस्ता विषयलाई कुनै देशविरुद्ध 'कार्ड' का रूपमा कसैले लिन हुँदैन।'

प्रधानमन्त्री ओलीले कांग्रेस र एमालेबिच आफ्नो चीन भ्रमणका विषयमा विवाद नभएको दाबी गरे। चीन भ्रमणमा विगतका सहमति र सम्झौताको कार्यान्वयन, विद्युत् प्रसारण लाइन विस्तार, नेपालको उत्पादन चीनमा निर्यात र अन्य सहयोगका विषयमा छलफल गर्ने तयारी भएको प्रधानमन्त्री ओलीको भनाइ थियो।

ओलीले यसपटक आफ्नो छोटो बसाइ हुने र नयाँ विषय नहुने जानकारी दिएका थिए। 'मेरो खास दुई दिनको छोटो भ्रमण हुँदै छ (आवतजावतबाहेक)। पुरानै सहमति कार्यान्वयनमा मेरो जोड रहन्छ। नयाँ केही हुन्न,' प्रधानमन्त्री ओलीले छलफलको सुरुमै भनेका थिए। प्रधानमन्त्री ओली १७ देखि २० मंसिरसम्म चीन भ्रमणमा जानेछन्।

पूर्वप्रधानमन्त्रीहरूको सुझाव

पूर्वप्रधानमन्त्री एवं माओवादी अध्यक्ष प्रचण्डले आफू पहिलोपटक प्रधानमन्त्री हुँदा पहिला चीन भ्रमण गरेर परम्परा तोडेको बताएका थिए। उनले प्रधानमन्त्रीको भ्रमणमा चीन कार्ड खेल्न खोजेको भन्ने आशय आफ्नो नभएको प्रस्टीकरण दिए। आफूले मुलुकको राजनीतिक उतारचढावका विषयमा कार्ड खेल्न नहुने धारणा राखेको र यही रूपमा बुझ्न प्रचण्डले आग्रह गरे। उनले गत वर्ष असोजमा आफू प्रधानमन्त्री हुँदा चीन भ्रमणमा भएका सम्झौताहरूको कार्यान्वयनमा जोड दिन प्रधानमन्त्री ओलीलाई सुझाव दिए।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले पहिला चीन जाने कि भारत जाने भन्ने विषयमा बहस गर्नुनपर्ने बताए। उनले पहिला चीनबाट निम्ता आएका कारण प्रधानमन्त्री चीन जानु स्वाभाविक भएको बताए। उनले चीनसँग जलविद्युत्, पूर्वाधारजस्ता परियोजना अघि बढाउन सुझाव दिए।

पूर्वप्रधानमन्त्री झलनाथ खनालले व्यापार तथा पारबहन सम्झौता कार्यान्वयन गर्न, हिमालय सीमापार बहुआयामिक सम्पर्क सञ्जाल विस्तार अघि बढाउनुपर्ने पनि सुझाव दिए। उनले केरुङ-काठमाडौं रेलको कुरा कहाँ पुग्यो भन्दै प्रधानमन्त्रीलाई प्रश्न सोधेका थिए। 'संसारले अनुमोदन गरेको बिआरआईअन्तर्गत ऋण लिन्न भन्नु आपत्तिजनक रहेको,' खनालको भनाइ थियो।

मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले चिनियाँ संलग्न भएका आयोजनाहरूमा अनुगमन संयन्त्र बनाउनुपर्नेमा जोड दिएका थिए। छलफलमा पूर्वप्रधानमन्त्रीद्वय शेरबहादुर देउवा र डा.बाबुराम भट्टराई उपस्थित थिएनन्। सोमबार दुवै नेता पार्टी कार्यक्रममा राजधानीबाहिर थिए।

पूर्वपरराष्ट्रमन्त्रीहरूको सुझाव

पूर्वउपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले आफ्नो चीन भ्रमणका वेला भएको नेपाल-चीन विकास करिडोर (नेपाल-तिब्बत-सिचुआन-छोङछिङ आर्थिक करिडोर)मा कार्यदल गठन गर्ने सहमति कार्यान्वयनका लागि ध्यानाकर्षण गराए। 'मैले बेइजिङ, छोङछिङ, छेन्दु र ल्हासामा यो अवधारणा राख्दा सबैले समर्थन जनाएका छन् र कार्यदल बनाएर यसको गृहकार्य गर्ने भनिएको छ, यसमा अघि बढ्दा नेपालको हित हुन्छ,' श्रेष्ठले प्रधानमन्त्रीलाई सुझाव दिए। पूर्वपरराष्ट्रमन्त्री डा.प्रकाशचन्द्र लोहनीले ऋणका विषयमा देश वा संस्था तोकेर नीति नबनाउन प्रधानमन्त्रीलाई सुझाव दिए। 'ऋण नलिँदा हुन्छ, तर देश तोकेर फलाना ठाउँबाट लिन्छौँ, त्यहाँबाट लिन्नौँ भन्नु राम्रो हुँदैन। अहिले संसारभरि अनुदान घट्दै गएको छ। उपयोग गर्न नसक्दा ऋण वा अनुदान फाइदा हुँदैन भन्ने उदाहरण पोखरा विमानस्थलबाट सिक्नुपर्छ,' लोहनीले भने। पूर्वपरराष्ट्रमन्त्री एनपी साउदले बिआरआई कार्यान्वयन योजनाको छातामा चीनसँग ऋण सम्झौता गर्न नसकिने बताए। 'हामी चीनसँग ऋण लिन सक्ने अवस्थामा छैनौँ। बिआरआईको छातामा कार्यान्वयन सम्झौता गर्नु अहिले उपयुक्त हुँदैन,' साउदले भने।

Banganga Municipality Office
Office of Municipal Executive
Banganga, Kapilvastu
Lumbini Province, Nepal

Invitation for Online Bids

Date of publication: 2081-08-11

1. The Banganga Municipality Office invite eligible bidder for the contracts named below.

S. no.	Contract Package No./ Works	Bid Security Amount (Nrs.)	Fee for Bid Document	Minimum Avg. Turnover	Similar Size and Nature	Re.
1	52/NCB/BMO/ KAPIL/ WORKS/81-82, Constrution of Two Storey Four Room RCC Building at Kamata School Ward 10, Shanti Ni.Ma.Vi Ward 4 and Bal Ma.Vi. Ward 1	5,70,000	5,000	2,98,91,639	One Building of Amount Nrs. 79,71,104 without VAT	
2	53/NCB/BMO/ KAPIL/ WORKS/81-82, Upgradation Works of Agricultural Market, Ward 11	8,70,000	5,000	4,61,63,492	One Building of Amount Nrs. 1,23,10,264 without VAT	

2. Interested bidders may obtain further information at Banganga Municipality office or may visit PPMO website www.bolpatra.gov.np/egp and Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only and deposit the cost of bidding document in the following specified bank from Rajaswa Portal (https://sutrarevenue.fcgo.gov.np)

Name of the Bank : Agricultural Development Bank Ltd.,
Banking Branch Office : Jitpur 4 No,
Name of the Office : Banganga Municipality Office
Office Account no : 0415601617188014
Office Code no : 801054903
Rajaswa (revenue) Shirshak no : 14229

3. Any amendment in the tender notice will be posted in the notice board at office and PPMO's Web site www.bolpatra.gov.np/egp. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०८/११

बाणगंगा नगरपालिकाबाट सूचना प्रकाशित गरिए बमोजिम पर्न आएका बोलपत्रहरू मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकाले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त बोलपत्रसँग सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

सि.नं.	ठेक्का नं.	कामको विवरण	स्विकृत भएका आईटम नं. (बि.ओ.क्यू.मा भएका सि.नं.)	कै.
1	37/NCB/BMO/KAPIL/GOODS/81-82	Supply and Delivery of Medicine Items at Pipara Hospital, Ward 2	Samundra Medico Pharma – 122 Items – 11, 19, 24, 30, 31,39, 40, 41,48, 54 62, 68, 79, 80, 82, 83, 84, 86, 104, 109, 110,114, 115, 117, 133, 134, 137, 140, 142, 145, 148, 155, 156, 157, 161, 162, 163, 167, 176, 177, 179, 182, 183, 191, 198, 199, 211, 218, 221, 222, 237, 247, 259, 262, 263, 270, 271, 276, 277, 279, 281, 282, 284, 291, 295, 299, 302, 303, 305, 308, 320, 335, 338, 340, 344, 361, 364, 365, 370, 387, 393, 406, 407, 408, 409, 410, 435, 451, 458, 463, 477, 478, 483, 485, 486, 487, 500, 505, 506, 507, 508, 518, 519, 523, 524, 525, 526, 532, 533, 537, 547, 567, 603, 612, 628, 633, 641, 646, 652, 670, 676, 699	
			A One Pharma – 104 Items – 1, 3, 6, 7, 8, 10, 16, 19, 21, 22, 23, 28, 29, 33, 42, 43, 44, 66, 67, 70, 95, 96, 98, 116, 118, 119, 124, 127, 138, 149, 153, 154, 170, 179, 189, 190, 207, 216, 224, 236, 240, 241, 242, 248, 267, 280, 288, 289, 290, 296, 298, 304, 310, 313, 319, 321, 325, 328, 346, 347, 348, 355, 362, 377, 385, 386, 400, 402, 403, 404, 413, 315, 416, 439, 440, 459, 462, 466, 470, 471, 484, 496, 497, 510, 522, 534, 544, 545, 550, 551, 592, 594, 609, 622, 623, 654, 656, 665, 669, 678, 680, 685, 686, 695	
			Avyas Medical And Surgical Suppliers Pvt. Ltd – 48 Items – 2, 4, 10, 12, 13, 14, 15, 18, 25, 26, 27, 35, 37, 59, 81, 88, 89, 91, 92, 103, 107, 108, 136, 141, 152, 186, 188, 194, 214, 239, 287, 297, 312, 378, 429, 433, 482, 542, 584, 588, 597, 598, 606, 607, 636, 643, 688, 690	
			Mediheaven drug distributers – 70 Items – 5, 10, 34, 50, 56, 71, 93, 102, 112, 120, 128, 130, 146, 147, 150, 168, 200, 201, 202, 208, 225, 244, 246,, 249, 250, 252, 256, 261, 264, 265, 295, 309, 322, 324, 331, 333, 349, 352, 360, 372, 374, 375, 389, 411, 436, 438, 448, 449, 457, 460, 504, 529, 530, 535, 552, 553, 554, 566, 570, 580, 600, 618, 632, 644, 661, 662, 666, 672, 679, 683	
			Sambuddha medico pvt ltd – 97 Items – 9, 20, 32, 46, 47, 49, 55, 69, 74, 77, 90, 92, 94, 98, 102, 105, 113, 121, 126, 143, 151, 158, 159, 160, 164, 165, 166, 178, 187, 192, 215, 219, 220, 224, 227, 243, 245, 257, 260, 266, 268, 278, 285, 292, 293, 294, 300, 334, 336, 337, 345, 350, 357, 376, 379, 380, 381, 382, 384, 388, 405, 412, 417, 419, 421, 425, 434, 437, 441, 450, 453, 455, 456, 468, 482, 490, 501, 503, 520, 521, 536, 541, 543, 546, 568, 569, 575, 608, 616, 626, 629, 634, 635, 637, 674, 677, 681	

प्रमुख प्रशासकीय अधिकृत

Province Government
Ministry Physical Infrastructure Development
Transport Infrastructure Directorate
Infrastructure Development Office
Sankhuwasabha, Koshi Province

Invitation for e - Bid

First Date of Publication: 2081/08/11 (November 26, 2024)
Invitation for Bids No.: IDOSANK-01/2081/82

1. Infrastructure Development Office, Sankhuwasabha invites open competitive biddings (Single Stage - Single Envelope e - bids) from eligible bidders for following works under NCB & Sealed Quatation Procedures. For Detail of works please visit www.boalpatra.gov.np/egp.

S. N.	Contract Identification Number	Description and Location of Works	Estimate Amount with VAT & PS (NRs.)	Bid Security Amount (NRs.)	Bid Validity / Security Validity Period	Price of Bid Document (NRs.)
1	IDOSANK/Works/ NCB-01/2081/82	Upgrading of chainpur- Barhabise (Chainpur-Hewa Khanda) Road, Sankhuwasabha.	47,98,464.61	1,25,000	90 + 30 days from deadline for submission of Bids.	3000
2	IDOSANK/Works/ NCB-02/2081/82	Upgrading of Hatiyachheu Joshigaun hudai pipaldanda hanglung sammko sadak starunnati, chainpur -06 & 07, Sankhuwasabha	76,77,602.86	1,95,000		3000
3	IDOSANK/Works/ NCB-03/2081/82	Upgrading of Krishna Bahadur Karki ko ghar dekhi Baleshwar Gufa jane sadak staunnati,. Chainpur Na.Pa.-07, Sankhuwasabha	19,17,566.49	50,000		3000
4	IDOSANK/Works/ NCB-04/2081/82	Ajagara Tole Culvert Nirman (Causeway), Chainpur Na.Pa.-09, Sankhuwasabha	23,96,226.81	60,000		3000
5	IDOSANK/Works/ NCB-05/2081/82	Upgrading of Khopkendra-Dambedanda- Sadak Starunnati, Manglung Na.pa-04, Terhathum	19,19,752.34	48,000		3000
6	IDOSANK/Works/ NCB-06/2081/82	Upgrasing of Purwadhar Bikash Karyalay Sankhuwasabha ko Terhathum Field Office Pahuch Marga Upgrading Work.Myanglung Na.Pa. Terhathum	57,58,777.68	1,45,000		3000
7	IDOSANK/Works/ NCB-07/2081/82	Construction of Himalayan Ma. Vi.Khelmaidan Khandbari-01,Sankhuwasabha	28,76,696.89	72,000		3000
8	IDOSANK/Works/ SQ-08/2081/82	Tumlingtar-Lamsuwaghat Jhopu Pahuch Marg, Sankhuwasabha	14,39,311.94	36,000	45 + 30 days from deadline for submission of Bids.	1000

Last Date of Purchasing of Bids	Last Date of Submission of Bids	Date of Opening of Bids	Employer's Bank Account for Purchasing of Bid Document	Employer's Bank Account to deposit Cash for the Bid Security
On or Before 26 December, 2024 (2081/09/11) for S.N. 1 to 7 & 11 December 2024 (2081/08/26) for S.N. 8 from online or bank deposit	On or Before 26 December, 2024 (2081/09/11) for S.N. 1 to 7 & 11 December 2024 (2081/08/26) for S.N. 8 before 12 Noon	26 December, 2024 (2081/09/11) for S.N. 1 to 7 & 11 December 2024 (2081/08/26) for S.N. 8 at 13:00 hours	Office code: **3370104011** Bank: **Rastriya Banijya Bank** Revenue Account: **1000200010000** Revenue head no:**14229**	Office code: **3370104011** Bank: **Rastriya Banijya Bank, Khandbari Branch** Account No: **2080100202030000** (Kolenika, Sankhuwasabha)

2. Date of Pre-bid meeting: 16 December 2024(2081/09/01) for S.N. 1-7.
3. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered at last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPPR, PPA and PPR.

Office Chief

सडक फोहोर गर्नेविरुद्ध काठमाडौं महानगरको कारबाही तीव्र

एक सातामै आठ व्यक्ति र संस्थालाई १० हजारदेखि एक लाखसम्म गऱ्यो जरिवाना



शान्ति तामाङ/नयाँ पत्रिका

आइतबार वडा नम्बर २७ को भोटाहिटीस्थित साझाअगाडि द कोहिनुर बुटिकले सडकपेटीमा फोहोरमैला फालेको भन्दै काठमाडौं महानगरपालिकाले मोहम्मद चन्दालाई १० हजार रुपैयाँ जरिवाना तिरायो। प्रशासनिक दण्ड, जरिवाना र जफत शीर्षकमा महानगरले जरिवाना गरेको हो। आइतबार नै वडा नम्बर १४ को रविभवन उकालोमा घर निर्माण गर्ने क्रममा सवारीसाधनबाट माटो, हिलो खसाली फोहोर गरेको भन्दै गंगा रजकलाई महानगरले जरिवानाबापत २५ हजार रुपैयाँ असुल गऱ्यो। यस्तै, वडा नम्बर ९ को गौशालाबाट रातोपुल जाने बाटोमा घरको ढल खुला सडकमा फालेर फोहोरमैला गरेको भन्दै रिसबराज पाण्डेलाई २५ हजार जरिवाना गरायो। आइतबार नै वडा नम्बर ४ को मानश्री मार्गमा सडक खनी हिलो पारी फोहोरमैला गरेबापत श्वेता शाहलाई पनि २५ हजार रुपैयाँ नै तिरायो। महानगरले आइतबार मात्र चारजनालाई सार्वजनिक स्थानमा फोहोर गरेको भन्दै कारबाहीस्वरूप जरिवाना गरेको छ।

यस्तै, ५ मंसिरमा सुकेधारामा रहेको मर्करी होटेलले बाटोमा फोहोर फालेको भन्दै प्रशासनिक दण्ड, जरिवाना र जफत शीर्षकमा महानगरपालिकाले ५० हजार जरिवाना गरायो। सोही दिन वडा नम्बर १६ मा बिजुलीका पोलमा पोस्टर टाँसेको भन्दै हरि परियारलाई महानगर प्रहरी बलले १० हजार जरिवाना गरायो।

७ मंसिरमा वडा नम्बर १९ मा निर्माण सामग्री राखी सवारी आवागमनमा असर पारेको भन्दै टेकबहादुर खड्कालाई कारबाहीस्वरूप १५ हजार जरिवाना गरायो। सोही दिन एमालेले जागरण सभा सञ्चालन गर्दा वडा नम्बर १ को दरबारमार्गमा फोहोरमैला गरेको भन्दै महानगरले एक लाख जरिवाना गऱ्यो। खुला सडकमा जागरणसभा गर्ने क्रममा सडक तथा सडकपेटीमा जथाभावी फोहोरमैला गरी वातावरण प्रदूषण गरेको भन्दै फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८१ बमोजिम एक लाख जरिवाना गऱ्यो। तर, एमालेले महानगरको पत्र स्वीकार गरेको छैन। महानगरले सोमबार हुलाकमार्फत एमालेलाई जरिवानाको पत्र पठाएको छ।



● **नवीन मानन्धर**, प्रवक्ता
काठमाडौं महानगर

सडक फोहोर गर्नेलाई जरिवाना तिराउने कामलाई यो हप्ता मात्र तीव्रता दिइएको होइन, साढे दुई वर्षअघिदेखि नै यो कार्य सुरु भएको हो। हाम्रो बाँकी कार्यकालसम्मै यो कार्यले निरन्तरता पाउँछ।

■ जरिवानासम्बन्धी यस्तो छ कानुनी व्यवस्था

काठमाडौं महानगरले जारी गरेको आर्थिक ऐन २०८१ को अनुसूची १६ मा प्रशासनिक दण्ड, जरिवाना र जफतसम्बन्धी व्यवस्था गरिएको छ। ऐनअनुसार निर्माणजन्य फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने कार्य गरेमा पहिलोपटक २५ हजार रुपैयाँ जरिवाना हुनेछ। सोही कार्य दोहोऱ्याएमा ५० हजार जरिवाना हुनेछ। प्लास्टिकजन्य वा अन्य फोहोरमैला जलाउने कार्य गरेमा प्रतिपटक १० हजार जरिवाना हुनेछ। अनधिकृत रूपमा पर्चा, पम्प्लेट तथा पोस्टर जथाभावी टाँस गरी फोहोरमैला गरेमा पाँच हजारदेखि ५० हजार रुपैयाँसम्मको जरिवाना हुनेछ। स्वीकृत नलिई डिजिटल बोर्ड, होर्डिङ बोर्ड वा यस्तै प्रकारका अन्य प्रचार-प्रसार गरेमा १० हजारदेखि एक लाख, पर्चा, पम्प्लेट, पोस्टर, स्टिकर टाँस्ने कार्य गरेमा पाँचदेखि ५० हजार, खम्बा, पर्खालमा पेन्टिङ वा लेखन कार्य गरेमा पाँचदेखि ५० हजार, बेलुन वा यस्तै प्रकारले गरिने विज्ञापन गरेमा पाँचदेखि ५० हजार रुपैयाँ जरिवाना हुने व्यवस्था गरिएको छ। दोब्बोपटक भएमा प्रतिपटकको दोब्बर जरिवाना हुने व्यवस्था गरिएको छ। यसैगरी, तोकिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्कासन गरेमा दुई वा दुईभन्दा बढी पटकका लागि एक लाख जरिवाना हुनेछ। पहिलोपटकका लागि भने वातावरण कानुनबमोजिम हुनेछ।

■ एमालेलाई पनि जरिवाना गराइछाड्ने पक्षमा महानगर

पछिल्लो एक सातामा काठमाडौं महानगरले सडकमा फोहोर फालेबापत आठ व्यक्ति तथा संस्थालाई जरिवाना गरेको छ। जरिवाना गरिएकोमध्ये सातजनाबाट जरिवाना असुल भइसक्यो। तर, एमालेले जरिवानापत्र स्वीकारसमेत गरेको छैन। महानगर एमालेबाट जसरी पनि जरिवाना असुल गर्ने पक्षमा देखिएको छ। आइतबार महानगरले एमालेलाई दोस्रोपटक जरिवानापत्र पठाएको थियो। तर, एमाले कार्यालयले पत्र लिन मानेन। जागरण सभा एमालेको काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला कमिटीले आयोजना गरेको भन्दै केन्द्रीय कार्यालयले उतै पत्र बुझाउन भन्दै फिर्ता गरिदिएको थियो। आइतबार पत्र फिर्ता गरिदिएपछि महानगरले सोमबार बिहानै फेरि जरिवानापत्र हुलाक र इमेलमार्फत एमाले कार्यालय पठाएको छ। त्यसको बोधार्थ निर्वाचन आयोगलाईसमेत गरेको छ।

'कार्यक्रम आयोजना जसले गरे पनि जिम्मेवार त पार्टी अध्यक्ष नै हुने हो। हामी पार्टी कार्यालय नगएर कहाँ जाने त?,' महानगर प्रमुख बालेन्द्र साह (बालेन)का स्वकीयसचिव भूपदेव साहले भने, 'अहिलेसम्म उहाँहरूको कुनै पनि प्रतिक्रिया आएको छैन। केही दिनसम्म पनि प्रतिक्रिया आएन भने पुनः पत्र पठाउँछौं।' उनका अनुसार जरिवाना असुल नभएसम्म ताकेता गरिरहन्छौं।



आइतबार काठमाडौं महानगरपालिकाले बुझाएको जरिवानापत्र पढ्दै एमाले केन्द्रीय कार्यालयका कर्मचारी।

गत २७ चैतमा राष्ट्रिय प्रजातन्त्र पार्टीले आन्दोलनका क्रममा सार्वजनिक क्षेत्रमा क्षति पुऱ्याएको र विभिन्न क्षेत्रमा फोहोरमैला गरेको भन्दै महानगरले जरिवाना गरेको थियो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ बमोजिम क्षति भएको आइल्यान्ड मर्मत-सम्भार गर्न दुई सय २२ रुपैयाँ असुल गर्ने र फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३९ बमोजिम पाँच हजार जरिवाना गर्ने निर्णय भएको भन्दै सो क्षतिपूर्ति तथा जरिवाना रकम उपलब्ध गराउन बैंक खाता नम्बरसमेत पार्टी कार्यालय पठाएको थियो। राप्रपाबाट जरिवाना रकम असुल भइसकेको बालेनका स्वकीयसचिव साहले बताए। महानगरले सडक फोहोर गरेबापत जरिवाना असुल्ने कार्य साढे दुई वर्षअघि नै सुरु भएको र एमालेलाई जरिवाना तिराउने निर्णय त्यसकै निरन्तरता भएको जनाएको छ। महानगरका प्रवक्ता नवीन मानन्धरले सडक फोहोर गर्नेलाई कारबाहीस्वरूप जरिवाना गरेको बताउँदै एमाले, कांग्रेस, राप्रपालगायतका पार्टी लक्षित नभएको उल्लेख गरे।

■ हिरासतबाट रविले भने-

प्रतिशोधपूर्वक सिंगो राज्य संयन्त्र मविरुद्ध लाग्यो

गोर्खा मिडियाबाट भएका कारोबारमा जवाफदेही रहेको, तर सहकारीबाट पैसा ल्याउने कार्यमा संलग्न नरहेको जिकिर

नयाँ पत्रिका

प्रहरी हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले गोर्खा मिडियाबाट भएका आर्थिक कारोबारबारे आफू जवाफदेही रहेको, तर सहकारीबाट पैसा ल्याउने कार्यमा आफ्नो कुनै संलग्नता नरहेको दोहोऱ्याएका छन्। सिंगो राज्य संयन्त्र आफूविरुद्ध लागेको उनको गुनासो छ।

रास्वपाका कार्यवाहक प्रवक्ता मनीष झाले सोमबार कास्की प्रहरीको हिरासतमा रहेका लामिछानेलाई भेटेका थिए। 'गोर्खा मिडियाले सम्झौता गरेका कर्मचारी, कम्पनी, भेन्डर आदिलाई भुक्तानी दिन प्रदान गरिएका चेकबारे तथा कार्यकारी अध्यक्षको निर्देशन पालना गरी भुक्तानी गरिएको बैंक, वित्तीय संस्था, कम्पनी वा व्यक्तिका हकमा मेरो जवाफदेहिता रहन्छ। प्रचलित कम्पनी ऐनबमोजिम गोर्खा मिडियाले तिरेको पैसाको जिम्मेवारी र जवाफदेहिताबाट म विमुख हुन्छु भनेको छैन, हुन्नँ। तर, सहकारीबाट पैसा ल्याउने कार्यमा मेरो संलग्नता थिएन, छैन,' लामिछानेको भनाइ उद्धृत गर्दै झाले भनेका छन्।



संसदीय छानबिन विशेष समितिको प्रतिवेदनले समेत सहकारीबाट गोर्खा मिडियामा पैसा ल्याउने प्रक्रियामा आफ्नो संलग्नता नरहेको ठहर गर्दा पनि सहकारी ठगीको झुटो मुद्दामा गिरफ्तार गरी प्रतिशोधपूर्वक संगठित अपराध र सम्पत्ति शुद्धीकरणसमेतको मुद्दा लगाउन लागिएको भन्दै लामिछानेले आपत्ति जनाएका छन्। 'निजी क्षेत्र विश्वासमा चल्छ। मैले हस्ताक्षर गरेका चेकहरू गोर्खा मिडियाका चेकहरू हुन्। कम्पनी ऐनको अधीनमा रहेर गरिएका प्रत्येक कारोबारको जवाफ म दिन्छु। सहकारीका कुरा सहकारीका मान्छेले जानून्। सहकारीबाट गोर्खा मिडियामा पैसा ल्याउने सम्पूर्ण प्रक्रियामा मेरो संलग्नता छैन भनेर संसदीय छानबिन विशेष समितिको प्रतिवेदनले पृष्ठ नम्बर ४४९ मा लेखेको छ। ममाथि कम्पनी ऐनमा अनुसन्धान हुनुपर्नेमा सहकारी ठगीको झुटो मुद्दामा गिरफ्तार गरियो, अझ प्रतिशोधपूर्वक संगठित अपराध र सम्पत्ति शुद्धीकरणसमेतको मुद्दा लगाइँदै छ,' लामिछानेको भनाइ उद्धृत गर्दै झाले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्।

राज्यले प्रतिशोधपूर्ण व्यवहार जारी राखे आफ्नो पार्टीले आन्दोलनको स्वरूप फेर्ने चेतावनी पनि लामिछानेले दिएका छन्। 'मचाहिँ नागरिकले दुःख नपाऊन् भनेर शान्तिपूर्ण ढंगले गरिएको आन्दोलनसमेत नगर्नु भन्ने, अनि मेराविरुद्ध सिंगो राज्य सुनियोजित भएर लागिरहने ? यसरी एउटा व्यक्तिविरुद्ध भएभरका सारा शक्ति नांगो भएर लाग्ने र त्यसमा पनि नपुगेर न्यायालयमा पनि चल्छ भन्दै खुल्लमखुल्ला तर्साउने हो भने हामीले विश्वास गरेको नीलो क्रान्तिको रंग बदल्नुपर्ने हुन सक्छ,' उनले भनेका छन्।

आफूमाथि अन्यायको सीमारेखा पार भइसकेको भन्दै लामिछानेले शक्ति प्रदर्शन बन्द गर्न सरकारको ध्यानाकर्षण पनि गराएका छन्। 'गैरकानुनी क्रियाकलापप्रति सम्माननीय प्रधानमन्त्रीज्यू र महान्यायाधिवक्ताज्यूको गम्भीर ध्यानाकर्षण गराउँदछु। अन्यायका कैयौं सीमारेखा पार भइसके, सत्यमाथि शक्ति प्रदर्शन बन्द होस्। मलाई न्यायालयप्रति आशा र न्यायप्रेमी जनताप्रति भरोसा छ,' लामिछानेको भनाइ उद्धृत गर्दै कार्यवाहक प्रवक्ता झाले भनेका छन्।

■ स्वतन्त्र उम्मेदवारको प्रचारमा हर्क साम्पाङ



तस्बिर : अमुल थापा/नयाँ पत्रिका

धरान उपमहानगरका मेयर हर्क साम्पाङ सोमबार कीर्तिपुर पाँगा लाछीमा मेयरका स्वतन्त्र उम्मेदवार राजमान महर्जन (मानव)को चुनावी प्रचार गर्दै।

राजमान पनि आफूजस्तै भुइँमान्छे भएकाले भोट माग्न कीर्तिपुर आएको उनले बताए। उनले देशमा राम्रोसँग विकास गर्न स्वतन्त्र रूपमा राम्रो काम गर्न सक्ने व्यक्तिलाई जिताउनुपर्ने बताए। गफ गर्नेभन्दा काम गर्नेलाई भोट दिन उनले आग्रह गरे।

डेढ लाख नहुँदा उपचार नै नगरी रम्भाले अस्पतालबाट श्रीमान्लाई ल्याइन् घर

राजविराजमा सौरभ यादव

सप्तरीको राजविराज नगरपालिका- ६ दलित बस्तीका २७ वर्षीय रुपेश सदा उपचारका लागि दुई महिनादेखि ओछ्यानमै थला परेका छन्। नसा च्यापिएर हिँडडुल गर्ने अवस्था नभएका उनलाई उपचार गराउन आर्थिक समस्या छ। पेसाले मजदुर उनी एक महिनाअघि घर ढलान गर्ने क्रममा सिमेन्टको बोरा बोकेर जाँदै गर्दा लडेर अचेत भएका थिए। लड्दा उनको टाउको, घाँटी र ढाडमा चोट लाग्यो। साथै, घाँटी र ढाडको नसा च्यापिएको थियो। जसकारण उनी हिँडडुल गर्न नसक्ने भएका हुन्। बिरामी भएपछि उनलाई उपचारका लागि श्रीमती रम्भाले धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याएकी थिइन्।



पाँच दिनको उपचार र बसाइमा एक लाख पाँच हजार खर्च भएको उनले बताइन्। चिकित्सकले अप्रेसन गर्नुपर्छ भन्दै थप एक लाख ५० हजार रुपैयाँ व्यवस्था गर्नु भनेपछि उपचार नै नगरी श्रीमान्लाई घर ल्याएको रम्भाको भनाइ छ।

वडा कार्यालयबाट केही सहयोग तथा साहु-महाजनसँग ऋण सापटी खोजेर उपचारका लागि धरान गएकी उनी धेरै खर्च लाग्ने भएपछि चिन्तामा परेकी छन्। उनलाई यतिबेला श्रीमान्को उपचारसँगै तीनजना नाबालक सन्तानको लालनपालनमा समस्या भएको छ। 'उहाँ (श्रीमान्) थला परेपछि परिवारलाई दुई छाक टार्न धौधौ छ,' उनले भनिन्, 'थप उपचार गराउन कहाँ कसरी लानु ?' सदा परिवार सडक किनारमा दुई धुर ऐलानी जग्गामा फुसको झुप्रोमा बस्दै आएको छ। वडाध्यक्ष शशी चौधरीले आर्थिक अवस्था कमजोर भएको सदा परिवारलाई सबैले मिलेर सहयोग गर्नुपर्ने बताए। 'सम्पत्तिको नाममा एक धुर जग्गा पनि आफ्नो छैन। वडा कार्यालयबाट जे-जस्तो सहयोग गर्नुपर्ने हो गर्नेछु,' उनले भने।

पिजीमा नयाँ नियम लागू नहुने

पुरानै नियममा निजी मेडिकल कलेजहरूले यो वर्ष पिजी पढाउन पाउने, स्वमूल्यांकन फाराम भर्न सहमत

शिवहरि घिमिरे/नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीको दबाबपछि चिकित्सा शिक्षा आयोगले मेडिकल शिक्षा स्नातकोत्तर तह पिजीमा नयाँ नियम लागू नगर्ने भएको छ। यो वर्षका लागि यथास्थितिमै निजी मेडिकल कलेजहरूले पोस्ट ग्र्याजुएट (पिजी) पढाउन पाउने भएपछि आयोगमा फाराम भर्न कलेजहरू सहमत भएका छन्।

हरेक वर्ष पिजी पढाउन निजी तथा सरकारी मेडिकल कलेजहरूले आयोगको स्वमूल्यांकन फाराम भर्नैपर्छ। आयोगले गत ६ भदौमा फाराम खुला गरेको थियो। तर पिजीका विद्यार्थीले पाउने तलबको विषयमा विवाद बढेपछि यो वर्ष पनि निजी मेडिकल कलेजहरूले फाराम नभर्ने अडान लिए। आइतबार प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको चिकित्सा शिक्षा आयोगको बैठकले पिजीको विवाद तत्कालका लागि सल्ट्याएको हो। प्रधामन्त्री केपी ओली, शिक्षामन्त्री विद्या भट्टराई, स्वास्थ्यमन्त्री प्रदीप पौडेलसहित आयोगका पदाधिकारी, मेडिकल कलेज सञ्चालकबिचको छलफलपछि यो वर्ष यथास्थितिमै पिजी पढाउने सहमति भएको थियो।

नयाँ सहमतिपछि निजी कलेजहरूले 'पिजी पढाउन योग्य छौं भनेर आयोगलाई स्वमूल्यांकन फाराम भर्ने तयारी गरेका छन्। फाराम भरेको आधारमा आयोगले मेडिकल कलेज निरीक्षण गरी पिजी पढाउन स्वीकृति दिने गरेको छ। आइतबार बसेको बैठकले अर्को वर्षका लागि 'फि कमिटी' गठन गर्ने र मेडिकल कलेजहरूसँग समन्वय गरेर नयाँ शुल्क तोक्ने निर्णय गरेको थियो।

यसपटकदेखि लागू हुने गरी चिकित्सा शिक्षा आयोगले पिजी तहका विद्यार्थीलाई कम्तीमा ४९ हजार तलब दिनुपर्ने निर्णय गरेको थियो। त्यसप्रति निजी मेडिकल कलेजहरूको विमति थियो। निजी मेडिकल व्यवसायीहरूको दबाबपछि प्रधानमन्त्री ओलीले आयोगलाई यो वर्ष यथास्थितिमै पिजी कार्यक्रम चलाउने गरी अनुमति दिन निर्देशन दिएका थिए।



● **प्रा.डा. ज्ञानेन्द्रमानसिंह कार्की**
अध्यक्ष, एसोसिएसन अफ प्राइभेट मेडिकल एन्ड डेन्टल कलेज अफ नेपाल

यो वर्ष यथास्थितिमै पढाउन पाउने अवस्था भएपछि हामी आयोगमा फाराम भर्दै छौं। अर्को वर्ष एउटा कमिटी गठन गरेर सहमतिमा तलब निर्धारण गर्ने सहमति भएको छ।

हाल नेपालमा पिजी पढाउने निजी मेडिकल कलेजको संख्या १८ छ। आयोग र निजी मेडिकल कलेजको विवादका कारण सात सय विद्यार्थी मारमा पर्ने अवस्था थियो। अब भने सबै निजी मेडिकल कलेजहरू फाराम भरेर पिजी कार्यक्रम सञ्चालन गर्न सहमत भएको एसोसिएसन अफ प्राइभेट मेडिकल एन्ड डेन्टल कलेज अफ नेपालका अध्यक्ष प्रा.डा. ज्ञानेन्द्रमानसिंह कार्कीले बताए। 'यो वर्ष यथास्थितिमै पढाउन पाउने अवस्था भएपछि हामी आयोगमा फाराम भर्दै छौं,' उनले भने, 'अर्को वर्ष एउटा कमिटी गठन गरेर सहमतिमा तलब निर्धारण गर्ने सहमति भएको छ।'

■ विद्यार्थीलाई मासिक ४९ हजार तलब दिनुपर्ने विषय पेचिलो

निजी मेडिकल कलेजले पोस्ट ग्रयाजुएट अध्ययन गराउने विद्यार्थीलाई मासिक ४९ हजार तलब दिनैपर्ने नियम चिकित्सा शिक्षा आयोगले ल्याएपछि यो विषय पेचिलो बनेको थियो। आयोगले निजी मेडिकल कलेजले पोस्ट ग्रयाजुएट अध्ययन गराउने विद्यार्थीलाई आठौं तहका अधिकृतसरह तलब दिनुपर्ने नियम ल्याएको थियो। यो निर्णय लागू गर्दै आयोगले ६ भदौमा फाराम खुलाए पनि निजी मेडिकल कलेजले फाराम भरेनन्। पोस्ट ग्रयाजुएटमा स्नातकोत्तरतर्फ एमडी, एमएस तथा एमडिएस अध्ययन अध्यापन गराउन मेडिकल कलेजले हरेक वर्ष चिकित्सा शिक्षा आयोगमा आवेदन दिनुपर्छ। विगतका वर्षहरूमा पिजी पढ्नेहरूलाई निजी मेडिकल कलेजले २० हजार हाराहारीमा तलब दिँदै आइरहेका थिए। यो वर्ष पनि सोहीअनुसार तलब दिए हुनेछ।

आयोगको तथ्यांकअनुसार हाल नेपालमा पोस्ट ग्राजुएटमा हरेक वर्ष भर्ना हुने विद्यार्थी संख्या एक हजार दुई सय हो। यसमध्ये पाँच सय विद्यार्थी सरकारी कोटामा अध्ययन गर्छन् भने सात सय विद्यार्थी निजी मेडिकल कलेजमा पढ्छन्। नेपालमा १८ वटा निजी र ६ वटा सरकारी मेडिकल कलेजमा एमबिबिएस र पिजी पढाइ हुन्छ। एमबिबिएसतर्फ २१ सय विद्यार्थीमध्ये चार सय सरकारीमा र १७ सय विद्यार्थी निजीमा पढ्छन्। स्नातकोत्तर (पोस्ट ग्रयाजुएट)मा जम्मा ११ सय कोटामध्ये सात सय विद्यार्थी निजी र पाँच सय विद्यार्थी सरकारी मेडिकल कलेजमा अध्ययन गर्छन्। नेपालमा हरेक वर्ष सरकारी र निजी गरी एक हजार दुई सय विद्यार्थीले पिजी अध्ययन गर्दै आइरहेका छन्।

यस वर्ष चिकित्सा शिक्षातर्फ स्नातकोत्तर तहमा आगामी माघदेखि अध्ययन सुरु हुनेछ। सुरुमा प्रवेश परीक्षापछि नियमित कक्षा सञ्चालन हुनेछ। सरकारले सरकारी मेडिकल कलेजमा पढ्ने विद्यार्थीहरूका लागि पिजी अध्ययन निःशुल्क गरेको छ भने निजी मेडिकल कलेजमा अध्ययन गर्दा २३ लाख रुपैयाँ लाग्छ। पछिल्ला वर्षहरूमा आयोगले नै निजी मेडिकल कलेजहरूलाई नियमन गर्दै शुल्क घटाएर २३ लाखमा झारेको थियो। चिकित्सा शिक्षा आयोगका सदस्य सचिव कृष्णप्रसाद काप्रीले आइतबारको बैठकपछि अर्को वर्षका लागि थप नयाँ ढंगले अघि बढिने बताए। उनका अनुसार विद्यार्थीलाई मार पर्ने अवस्था देखिएपछि प्रधानमन्त्रीको आग्रहमा आयोगले सहजीकरण गरेको हो।

गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान
गण्डकी प्रदेश, पोखरा, नेपाल।

विज्ञसूची (प्रशिक्षकसमेत) मा सूचीकृत हुन आवेदन माग सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति २०८१।०८।११

यस गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान (GTEVTA) ले सञ्चालन गर्ने विभिन्न विधाका छोटो अवधिका (तीन महिना सम्म) तालिम र तीन वर्षे शैक्षिक कार्यक्रमको पाठ्यक्रम विकास, प्राविधिक शिक्षाको सम्भाव्यता अध्ययन तथा तालिम कार्यक्रम सञ्चालन गर्नका लागि तपसिलका विषय क्षेत्रमा निर्धारित योग्यता पुगेका व्यक्तिहरुबाट विज्ञ (रोष्टर)/प्रशिक्षकको सूचीमा सूचीकृत हुन यस प्रतिष्ठानको वेभसाइटमा राखिएको फारम भरी आफै उपस्थित भई वा इमेल मार्फत् मिति २०८१ पौष ११ गते भित्र आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

विज्ञहरुले निवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. मान्यता प्राप्त विश्वविद्यालय/संस्थाबाट प्राविधिक विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको वा TVET सम्बन्धी विद्यामा स्नातक गरेको वा व्यावसायिक तालिम सञ्चालनमा ५ वर्षको अनुभव प्राप्त गरेको।
२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पाठ्यक्रम विकासमा संलग्न भएको पुष्ट्याईं हुने कागजात भएको।
३. छोटो अवधिका तालिमका प्रशिक्षकका हकमा CTEVT वा व्यावसायिक सीप विकास तालिम केन्द्रबाट सहायक प्रशिक्षक तहको सीप परीक्षण भएको व्यक्ति।
४. नेपाली नगरिकताको प्रमाण र शैक्षिक उपाधिका कागजातहरु।

विषय विज्ञको लागि आवश्यक विषय क्षेत्र

- Automobile Engineering (automobile workshop and vehicles parts assembling, EV maintenance etc.)
- Electronics Engineering (TV, radio and other home appliances maintenance)
- Electrical Engineering (House wiring and maintenance)
- Entrepreneurship Expertise
- Civil Engineering (Tile fitting, Plumbing, Mason etc,)
- Curriculum Development expertise
- Hospitality and Tourism
- TVET strategic plan expertise
- Feasibility Study expertise (focusing on TVET and Entrepreneurship)

नोट :- थप जानकारीको लागि यस प्रतिष्ठानको वेभ साइट www.gtevta.org.np वा मोबाइल नं. ९८५६०६७३७६/७७/७८/७९ मा सम्पर्क गर्न सकिनेछ।

कता जाँदै छ कीर्तिपुर ?

कीर्तिपुरमा कस्तो राजनीतिक अभीष्ट बोकेर कस्ता मानिसले चलखेल गरिरहेका होलान्, यसै भन्न सकिने अवस्था छैन



● तारालाल श्रेष्ठ

अग्रलेख

काठमाडौं उपत्यकामा हिउँदे प्रदूषण बढ्दै छ। उचाइमा अवस्थित कीर्तिपुरमा चिसो चढ्दै छ। दक्षिणकाली-थानकोट नाकाबाट बहने हावाको झोक्काले पहिले कीर्तिपुर किल्लालाई छुन्छ। अनि, धुवाँधुलोसँग मिसिँदै हावा काठमाडौं, ललितपुर, भक्तपुर, धुलिखेलतिर बहन्छ। उपत्यकाका अन्य सहरभन्दा कम प्रदूषित कीर्तिपुरलाई आगामी १६ मंसिरमा तय गरिएको उपनिर्वाचनले तताउँदै छ। नाराजुलुस, आमसभा, घरदैलो, चियागफ, किनमेल, भाषणले कीर्तिपुर राम्ररी सुत्न सक्ने अवस्थामा छैन।

आखिर राजनीति नै रहेछ मूल नीति। मेयर पदका लागि उपनिर्वाचन हुन लागेको एक मात्र स्थानीय तह भएकाले पनि कीर्तिपुरमा सबैको ध्यान केन्द्रित हुने नै भयो। कीर्तिपुरका मेयर तथा वडा नं १ र ४ का वडाध्यक्षको निधनपछि रिक्त स्थान परिपूर्तिका लागि निर्वाचन हुँदै छ। कीर्तिपुरमा नगरप्रमुख पदका लागि मात्र २० उम्मेदवार उपनिर्वाचनमा होमिएका छन्। तीमध्ये ११ जना स्वतन्त्र उम्मेदवार छन्। ०७९ को उपनिर्वाचनमा कीर्तिपुरमा ३० हजार ३२८ मतदाता रहेकामा उपनिर्वाचनमा ७८४ जना थपिएर ३१ हजार ११२ पुगेका छन्। कुल १४.७६ वर्गकिमि क्षेत्रफलमा फैलिएको कीर्तिपुरमा ८१ हजार ५७८ जनसंख्या बसोवास गर्छन् (जनगणना २०७८)। ठुलो संख्यामा बाहिरका मानिस कीर्तिपुरमा भाडामा बस्ने गर्छन्।

उपत्यकामा अन्यत्र चुनाव छैन। कीर्तिपुरलाई भने बिहान सबेरैदेखि राति अबेरसम्म राजनीतिक चहलपहलले छपक्कै छोपिरहेको हुन्छ।

उपत्यकावरिपरिबाट मात्र होइन, धरानदेखि कीर्तिपुरसम्म आएर आफ्नो उम्मेदवारलाई दिनरात सघाइरहेका अभियन्ता भेटिन्छन्, कीर्तिपुर चोकचोकमा। धनगढीबाट समेत उम्मेदवारलाई सघाउन कीर्तिपुर आउने छन्। अन्यत्रबाट पनि त्यसैगरी आउने नै भए।

सांस्कृतिक सहरमा राजनीति : प्राचीन बस्तीबिच डाँडामा अवस्थित कीर्तिपुर किल्ला बागभैरव परिसरमा सबेरैदेखि अनाज, फलफूल, तरकारी किनमेल केन्द्रलाई समेत राजनीतिक चहलपहलले चारैतिरबाट घेरिरहेको हुन्छ। पाँगा, नगाउँ, चोभार, भाजंगल, टौदह, ट्यांलाफाँट, चम्पादेवी, सल्यनथान, नयाँबजार, भत्क्यापाटी सबैतिर पुराना बस्तीबिच दिनमा मात्रै होइन, रातमा पनि आमसभा, घरदैलो चलिरहेका हुन्छन्। राजनीतिक अभियान र अभियन्ताभन्दा पर उभिन सक्ने स्थान भेटिन्नन्। सानो क्षेत्रफलमा अवस्थित कीर्तिपुर नगरपालिकामा भोट माग्दै हिँडिरहेका व्यक्तिसँग पाइलैपिच्छे ठोक्किने अवस्था छ।

विश्वविद्यालय जान्छु, प्राध्यापक-विद्यार्थी कीर्तिपुरको उपनिर्वाचनकै बारेमा गफिइरहेका हुन्छन्। विश्वविद्यालयका कक्षाकोठामा भेटिने कतिपय विद्यार्थी उम्मेदवारसँग घरदैलो गरिरहेका देखिन्छन्। कक्षाकोठामा पठनपाठनको सन्दर्भ र उदाहरण कीर्तिपुर निर्वाचनसँगै जोडिन्छन्। त्रिविका सेवानिवृत्त प्राध्यापकसमेत निर्वाचनमा उम्मेदवार बनेका छन्। प्राध्यापक, डाक्टर र शिक्षकसँगै विद्यार्थीसमेत मिसिएर भोट माग्दै घरदैलो गरिरहेका भेटिन्छन्। कीर्तिपुर किल्लावासी र त्रिविबिच पुरानो दूरी थाती नै छ। कतिपय उम्मेदवारले सो ऐजेन्डासमेत जोडेर पनि भाषण गरिरहेका आवाज विश्वविद्यालयसम्मै सुनिन्छ। विश्वविद्यालय कीर्तिपुर किल्लासँग जोडिएको भए पनि कीर्तिपुरका आदिवासी जनजाति विश्वविद्यालयसँग राम्ररी जोडिएका छैनन्। कीर्तिपुर किल्लाका विद्यार्थी, शिक्षक, कर्मचारी निकै न्यून मात्रामा कीर्तिपुर केन्द्रीय क्याम्पसमा आबद्ध देखिन्छन्।

अधिकांश उम्मेदवार प्राध्यापक, डाक्टर, इन्जिनियर, शिक्षक, वकिल, समाजसेवी या उद्यमी छन्। शैक्षिक योग्यता कम भएका उम्मेदवार पनि तँभन्दा म के कम भन्ने शैलीमा निर्वाचनमा होमिएका छन्। स्थापित दलले अन्याय गरेको भन्दै कतिपय स्वतन्त्र उम्मेदवार बनेका छन्। सबै खालका उम्मेदवार सराबरी भोट माग्न आउँछन्। आफू परैं दलको विकल्प दल मान्ने तर कुनै पनि दलसँग आबद्ध नरहेको स्वतन्त्र भोटर। सक्दो निरपेक्ष बनेर राजनीतिक चहलपहल नियाल्दै छु। दार्शनिकले देश चलाउने जमाना गइसक्यो। समय अर्कै भइसक्यो। भोटका लागि जेसुकै गर्ने जमानामा कीर्तिपुरमा कस्तो राजनीतिक अभीष्ट बोकेर कस्ता मानिसले चलखेल गरिरहेका होलान्, यसै भन्न सकिने अवस्था छैन। विद्वान् उम्मेदवार, तिनका समर्थक या अभियन्तालाई कतातिर जाँदै छ कीर्तिपुर भनेर सोच्ने फुर्सद छैन। प्रतिबद्धता पोखिदिएका छन्, प्रतिबद्धता पूरा गर्ने आधारबारे विमर्श गर्ने फुर्सद कसैलाई छैन।

कस्तो कीर्तिपुर, कसको कीर्तिपुर ? : कीर्तिपुर उपनिर्वाचनमा होमिएका उम्मेदवार पठित र खारिएका बढी छन्। तर, उनीहरूको घोषणापत्र, अभिव्यक्ति भने विशिष्ट छैनन्। सबैले भ्रष्टाचार रोक्ने, शिक्षा, स्वास्थ्य, बाटोघाटो, पाटीपौवाका कुरा गर्दै छन्। अधिकांश उम्मेदवारले बढी जोड दिएको विषय सांस्कृतिक पर्यटन विकासमा केन्द्रित देखिन्छ। ०५३ सालमै नगरपालिका ऐन २०४८ अनुसार आठ गाविस गाभेर गठन गरिएको कीर्तिपुर नगरपालिका आन्तरिक स्रोतसाधनका हिसाबले कमजोर देखिन्छ। आधुनिक अर्थतन्त्रलाई चलायमान गराउने कलकारखाना, उद्योग, तारे होटल आदि कीर्तिपुरमा देखिन्नन्। त्रिभुवन विश्वविद्यालय नै कीर्तिपुरको अर्थतन्त्रलाई चलायमान बनाउने सबैभन्दा विशाल बिम्ब देखिन्छ। शैक्षिक सहरको अवधारणामा कीर्तिपुर अघि बढेको भने देखिन्न।



मतदातालाई पनि कसले कस्तो कीर्तिपुर बनाउलान् भन्ने विषयमा मतलव छैन। कसको स्थिति कस्तो भन्ने कुरामै सबै रुमल्लिइरहेका देखिन्छन्। पहिलो स्थानीय निर्वाचनमा एमाले 'प्यानल'लाई कीर्तिपुरले जितायो। दोस्रो स्थानीय निर्वाचनमा एमालेलाई बढारेर पूरै कांग्रेस प्यानललाई पो जितायो। जिताउन जानेका कीर्तिपुरले हराउन पनि जानेका छन्। यसपालि विगतको विजेता कांग्रेसलाई पनि बढार्न बेर छैन। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले उम्मेदवारी नै दिएन। स्वतन्त्र उम्मेदवार मेयरमा मात्र ११ जना छन्। कांग्रेसजनले विरासत जोगाउन नसकिए आगामी चुनावमा असहज हुने ठान्दै छन्। एमाले अघिल्लो निर्वाचनमा गुमेको विरासत फर्काउन सके आगामी निर्वाचनमा सानका साथ उभिने नैतिक धरातल निर्माण गर्ने दाउमा देखिन्छ। माओवादी यसपाला कीर्तिपुरमा मेयर जिताउन सकिएमा इतिहास रच्ने रणनीतिसहित घरदैलोमा होमिएको छ। प्रमुख तीन दलकै लागि पनि अवस्था भने सोचेजस्तो सहज देखिन्न। एमाले सांगठनिक हिसाबले सबैभन्दा शक्तिशाली देखिन्छ। उसको जनपरिचालन पनि नराम्रो हुने कुरै भएन। पहुँचको हिसाबले पनि एमाले उम्मेदवार डा. सुरेन्द्र मानन्धर अब्बल देखिन्छन्। उम्मेदवार छनोटकेन्द्रित हिजोझैं पार्टीभित्रको अन्तरविरोध छताछुल्ल देखिएको छैन। कांग्रेसलाई मत दिएर बिरक्तिएका जमातले पनि एमालेलाई भोट दिन सक्ने विश्वास उसको छ। यद्यपि पूर्वएमाले स्वतन्त्र उम्मेदवार राजमान महर्जन (मानव) एमाले उम्मेदवारका लागि सशक्त प्रतिस्पर्धीजसरी मैदानमा उत्रिएका छन्। मानवका अलवा पहिचान पक्षधर तथा अन्य स्वतन्त्र उम्मेदवारले पनि एमालेको मत काट्ने सम्भावना भएकाले एमालेजनले सोचेझैं सहज देखिन्न। माओवादी उम्मेदवार प्रा. शिवशरण महर्जन अघिल्लो निर्वाचनमा भन्दा बढी सशक्त देखिन्छन्। आडभरोसा दिने दलले उनलाई कति इमानदारीसाथ सघाउलान्, हेर्न बाँकी छ। माओवादीले विगतमा चार हजार चानचुन मत मेयरमा र दुई हजार चानचुन मत उपमेयरमा प्राप्त गरेको थियो। एमालेका कतिपय असन्तुष्ट पक्षको पनि मत पाएको थियो, उसले त्यतिखेर। आजसम्म माओवादी मेयर कीर्तिपुरले पाएको पनि छैन। यसपालि माओवादीलाई हेरौं न त भन्ने सोच मतदातामा हुन पनि सक्छ। एकीकृत समाजवादी र जसपाको पनि साथ पाएपछि हामी बलिया छौं भन्ने सोचमा माओवादी देखिन्छ। स्वतन्त्रबाट एमालेका पूर्वकार्यकर्ता राजमान मानव र कांग्रेस कार्यकर्ता कवि महर्जनले पनि क्रमशः एमाले र कांग्रेस उम्मेदवारको मत काट्ने विश्वासमा माओवादीले मेयर हात पार्ने आशा गरेको छ।

> विद्वान् उम्मेदवार, तिनका समर्थक या अभियन्तालाई कतातिर जाँदै छ कीर्तिपुर भनेर सोच्ने फुर्सद छैन। प्रतिबद्धता पोखिदिएका छन्, त्यसलाई पूरा गर्ने आधारबारे विमर्श गर्ने फुर्सद कसैलाई छैन।

कांग्रेसका कृष्णमान डंगोल अग्निपरीक्षामा होमिएका उम्मेदवारका रूपमा देखिएका छन्। कांग्रेस र एमाले सत्तागठबन्धनमा सँगै भए पनि चुनावी मैदानमा भने एक्लाएक्लै छन्। बिरासत जोगाउनुपर्ने र बिरासत फर्काउनुपर्ने चुनौती दुवैलाई छ। एक-अर्का दलप्रति उनीहरू यसपालि यसर्थ उतिसाह्रो आक्रामक भाषणबाजीमा देखिन्नन्। कांग्रेसजनमा केही क्षति भए पनि अघिल्लो मतभारअनुसार हामी नै जित्छौं भन्ने सोच हाबी देखिन्छ। दिवंगत नगरप्रमुखको कार्यकालमा खस्केको अवस्थाले धेरै मत नघट्ला भन्ने विचार पनि सतहमा देखिन्छ। एमाले र कांग्रेस दुवैको सत्ता देखेका जनमत कतातिर मोडिएला, यसै भन्न सकिन्न।

कांग्रेसको मत स्वतन्त्र उम्मेदवारी दिएका कवि महर्जनले काट्ने निश्चित छ। उनी कांग्रेसका पूर्वकार्यकर्ता हुन्। कतिपय कांग्रेसका समर्पित सदस्यसमेत उनको पक्षमा लागिपरेका देखिन्छन्। कीर्तिपुर किल्ला र कीर्तिपुर किल्लाबाहिरको अन्तद्वन्द्व पनि कायमै देखिन्छ। सधैं कीर्तिपुर डाँडाकेन्द्रित राजनीति भयो भन्ने भाष्य दशकौंदेखि कीर्तिपुरमा भुनभुनाइरहेको सुनिन्छ। नयाँ बस्ती तथा पाँगा, चोभार, ट्यांलालगायत कीर्तिपुर डाँडावरिपरिका मतदाता कीर्तिपुर डाँडाबाहिरको मेयरको स्वाद चाख्न चाहन्छन्। कीर्तिपुर किल्ला (डाँडा) केन्द्रित राजनीति हाबी भएको भाष्य एउटा छ। नेवार उम्मेदवारभन्दा भिन्न नगरप्रमुख चाहने मतदाता पनि धेरै छन्। कीर्तिपुरमा ६० प्रतिशतभन्दा बढी मतदाता नयाँ बस्तीका छन्। नयाँ बस्तीका नयाँ पिँढी स्वतन्त्र व्यक्ति नगरप्रमुख भएको हेर्न रुचाउने छन्। पुराना बस्तीका युवा पनि स्वतन्त्र व्यक्ति विजयी बनोस् भन्ने चाहन्छन् भन्ने भाष्य पनि भुनभुनाइरहेको सुनिन्छ। गैरनेवार समुदायका स्वतन्त्र उम्मेदवार यही मतलाई आफ्नो पक्षमा पार्ने दाउमा देखिन्छन्।

के गर्दै छन् पहिचान पक्षधर ? : मानिस पहिचानप्रेमी प्राणी हो। पुराना बस्तीले आफ्नो आदिवासी जनजातीय अग्राधिकारको प्रभुत्व देखाउँछन्। नयाँ बस्तीका मतदाता आफूलाई आधुनिक विश्व बुझेका बढी लायक नागरिक ठान्छन्। सबैले सकेसम्म आफूजस्तै नगरप्रमुख खोज्ने नै भए। राजनीतिक र सांस्कृतिक वैचारिकी खप्टिएको अवस्थाबाट पनि कतिपय मतदाताले मतदान गर्छन्। दलीय वैचारिकी मात्रै बोकेर मानिस बाँचेका हुन्नन्। यस्तो अवस्थामा कसरी दुवै पक्षलाई आकर्षित गर्ने भन्ने स्पष्ट विचार तथा रणनीति दलीय तथा स्वतन्त्र दुवै कित्ताका उम्मेदवारले स्पष्ट रूपमा दिन सकेका छैनन्।

कीर्तिपुरलाई सांस्कृतिक सहरका रूपमा विकास गर्ने प्रतिबद्धता सबैजसो उम्मेदवारले गरेका छन्। त्यसको स्पष्ट खाका भने कसैले दिन सकेका छैनन्। ऐतिहासिक कीर्तिपुर किल्लालाई मिनी ग्रेटवालझैं सजाउने विषय कतै छैन। संविधानले सुनिश्चित गरेको सांस्कृतिक स्वायत्तताको विषयलाई जोड दिएको देखिन्न। सांस्कृतिक स्वायत्तताको उच्चतम स्वरूप स्वायत्त क्षेत्रका रूपमा कीर्तिपुरलाई स्थापित गर्नु हो। संविधानले सुनिश्चित गरेको अधिकारलाई स्थापित गर्ने विषयमा कोही स्पष्टसँग बोलेका छैनन्। सांस्कृतिक सहरको मतलव कोरा जात्रा मात्रा मनाउने मात्र कुरो होइन। सांस्कृतिक सहर भन्नाले यहाँको सम्पदालाई जीवन्त राखी आदिवासीय प्रथाजन्य संस्थालाई समेत मान्यता दिनेसम्मका कुरा जोडिन आउँछन्। नयाँ बस्तीको हकमा नयाँ विचार संरचना चाहिन्छ। सबैजना स्वायत्तताका विषय नजोडीकन सांस्कृतिक सहर विकासका कुरा मात्र गर्दै छन्।

कीर्तिपुरका पहिचानवादी जमातले जसलाई सघाउँछ, उसैले चुनाव जित्न सक्ने तर्क गर्नेहरू पनि छन्। नगरपालिकाकै अगुवाइमा सांस्कृतिक संरक्षित क्षेत्र ऐन बनाएर लागू गर्ने विषय कीर्तिपुरमा अन्तिम चरणमा अड्किएको छ। यसबारे मुद्दासमेत सर्वोच्चमा पुगेको छ। यस विषयमा कोही उम्मेदवार स्पष्ट बोलिरहेका छैनन्। पहिचान पक्षधर विचारविहीन भिडमा आफैं हराइरहेझैं देखिन्छन्। तटस्थ मतदाता अत्यधिक छन्। उनीहरू केही नयाँ चाहन्छन्। यसपाला कीर्तिपुर कता जाँदै छ, यसै भन्न सकिन्न।

---

३ प्रश्न

प्राडा **पुष्कर बज्राचार्य**लाई



निजी क्षेत्रका उद्योग फस्टाउने र सरकारी लगानीका उद्योग सुस्ताउने अवस्था किन आउँछ ?

सरकारी स्वामित्वका उद्योगको नेतृत्व गर्ने सिइओले सरकारले तोकेको तलब, सुविधा मात्र पाउँछन्। काम राम्रो गरे पनि या नराम्रो गरे पनि उनीहरूले त्यो पाउँछन्। त्यसबाहेक अर्को कुनै इन्सेन्टिभ हुँदैन। यसले गर्दा उनीहरू तलब पकाउन मात्र काम गर्छन्। तर, निजी उद्योगमा चाहिँ निश्चित 'टार्गेट'सहित तलब सुविधा र सेयरलगायत विभिन्न 'इन्सेन्टिभ'को व्यवस्था हुन्छ, जसले गर्दा उनीहरूले मन लगाएर काम गर्छन्। संसारभर पब्लिक इन्टरप्राइजेजहरूले राम्रो गरेका धेरै उदाहरण भए पनि हामीकहाँ चाहिँ बारम्बार असफल देखिनु सरकारकै असफलता हो। सरकारले राम्रो मान्छे छानेर पठाएको भए, राजनीतिदेखि ती संस्थालाई मुक्त राखेको भए र प्रभावकारी अनुगमन गरेको भए त्यस्तो अवस्था आउने थिएन।

निजीले अर्बौंको सिमेन्ट निर्यात गरिरहेको समयमा सरकारी सिमेन्ट उद्योगचाहिँ किन थलिए ?

सरकारी लगानीका उदयपुर र हेटौंडा सबैभन्दा राम्रो सिमेन्ट उत्पादन गर्ने उद्योग हुन्। बजारमा यिनको उत्पादनको माग सबैभन्दा बढी हुन्थ्यो। पहिल्यै रकम भुक्तानी गरेर मानिसहरू सिमेन्टको पर्खाइमा बस्थे। बजारको मागअनुसार उत्पादन दिन सक्ने अवस्थासमेत थिएन। तर, अतिराजनीतिकरण गर्ने, गलत मान्छेहरू पठाउने र प्रभावकारी अनुगमन नगर्ने जस्ता कमजोरीका कारण यी उद्योगलाई अर्बौंको घाटामा पुऱ्याइयो। यिनलाई अझै पनि निजी क्षेत्रका उद्योगसित प्रतिस्पर्धी बनाएर चलाउन नसकिने होइन। तर, राज्यको यसतर्फ चासो नै देखिन्न।

यस्ता उद्योगको निजीकरण नै अन्तिम विकल्प हो त ?

निजीकरण नै गर्नुपर्छ भन्ने जरुरी छैन। यस्ता संस्थालाई राजनीतिबाट टाढा राख्ने, राम्रा र योग्य मान्छेलाई छानेर पठाउने, सिस्टमले काम गर्ने परिपाटीको विकास गर्ने हो भने निजीकरण गर्नुपर्दैन। तर, जबर्जस्ती बिगारेर अर्बौंको घाटामा रुग्ण बनाइराख्नुभन्दा चाहिँ निजीकरण गर्नु नै ठिक हो।

प्रेरक प्रसंग

अनुभवको अनुमान

इन्जिनियर विश्वेश्वरैया आफ्नो विषयको गम्भीर ज्ञानका कारण समस्त भारतभर चर्चित छन्। उनी विश्वेश्वरैया त्यस समय रेलमार्फत कतैको यात्रामा थिए। उनी रेलको जुन डिब्बामा यात्रा गर्दै थिए, सो डिब्बामा केही अंग्रेज अधिकारी पनि थिए। रेल आफ्नै गतिमा चलिरहेको थियो। अचानक विश्वेश्वरैया आफ्नो स्थानबाट हतारहतार उठे र आकस्मिक रूपमा रेल रोक्न प्रयोग गरिने जन्जिर ताने। ती अंग्रेज अधिकारीले उनलाई त्यसो गर्नबाट रोक्न खोजे। तर, उनले जन्जिर तानैरै छाडे। केहीबेरमै रेल रोकियो। रेल रोकिनासाथ रेलका सुरक्षा अधिकारीसहित कर्मचारीको टोली आएर उनीसित यसरी रेल रोक्नुको कारण सोधे। रेल अधिकारीको प्रश्नपछि गम्भीरतापूर्वक विश्वेश्वरैयाले भने- केही अगाडि रेलको लिकमा समस्या आएको छ। यही गतिमा रेल चलाउँदा पल्टिने सम्भावनासमेत रहन्छ। त्यसैले, अब केही अगाडिसम्म बिस्तारै सावधानीपूर्वक रेल चलाउनु आवश्यक छ। यही सूचना तपाईंहरूलाई दिन मैले यो जन्जिर तानेको हुँ। त्यहाँ उपस्थित कसैलाई पनि उनको भनाइमाथि विश्वास भएन। तर, केही अघि पुग्दानपुग्दै रेलको लिक साँच्चै बिग्रेको पाइयो। यो देख्दा रेलका सबै अधिकारी र यात्रु अवाक् बने। उनीहरू सबैले विश्वेश्वरैयालाई धन्यवाद दिँदै यो जान्न चाहे कि उनले रेलको लिकमा समस्या आएको कसरी अनुमान गरेका थिए ?



विश्वेश्वरैयाले भने– जब रेल आफ्नै गतिमा दौडिरहेको थियो, त्यतिखेर म ध्यानपूर्वक यसको पांग्रा र लिकको घर्षणबाट निस्कने आवाज सुनिरहेको थिएँ। त्यो आवाज सामान्य थिएन। रेलको लिकमा समस्या हुँदा निस्कने आवाज थियो त्यो। मैले त्यसैका आधारमा जुन अनुमान गरेका थिए, आखिर त्यो सत्य साबित भइछाड्यो। यो मेरो अहिलेसम्मको अनुभवको अनुमान हो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

दुध पिएर कृषकलाई उकासौं

नेपाल कृषिप्रधान देश भएर पनि सबैजसो कृषिमा आधारित उत्पादन उपभोगका लागि आयातमै भर पर्नुपर्ने अवस्था देखिन्छ। दुधमा भने कृषकको अथक प्रयासबाट आत्मनिर्भर हुने अवस्था आएको छ। तर, दुध तथा दुग्धजन्य पदार्थको बजार व्यवस्था पनि राम्रो हुन नसक्दा दुग्ध उत्पादक किसानले भने अपेक्षाकृत लाभ लिन सकेका छैनन्। सरकारी डिडिसीदेखि निजी डेरी उद्योगले समेत किसानको दुधको मूल्य बक्यौता राखेको हुनाले अहिले देशभरका किसानको अर्बौं बक्यौता बाँकी छ। सरकारले सबैभन्दा पहिले त्यसको भुक्तानीको व्यवस्था मिलाउनुपर्छ। त्यससँगै अब हामीले पनि आफ्नो स्वास्थ्यका लागि दुध पिएर कृषकको पेसालाई उकास्न मद्दत गर्नुपर्छ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

बन्द उद्योग खुलाऊ

सरकारले बन्द उद्योग खुलाउनतिर कत्ति पनि चासो नदिई राम्ररी चलाए मजाले नाफा कमाउन सक्ने उद्योगलाई निजीकरण गर्न खोजेको देख्दा यसले यहाँ ठुलै कमिसनको खेल हुन सक्ने आशंकालाई बल दिएको छ। हेटौंडा र उदयपुर सिमेन्ट नेपाली बजारमा सबैभन्दा बढी माग हुने सिमेन्ट हुन्। तैपनि, उद्योगले आफ्नो क्षमताअनुसार उत्पादन नगरी लगातार घाटा देखाएर यसरी निजीकरण गर्नुको पछाडि कसको स्वार्थ लुकेको छ ? निजीकरण होइन, बन्द उद्योग खुलाऊ।

● **अमृता मगर**
पुल्चोक, ललितपुर

शुल्क बढी भएन सरकार ?

सरकारले धरहरा चढेको शुल्क नेपाली नागरिकका लागि दुई सय तोकेको छ। यस शुल्कमा विद्यार्थीका लागि ५० प्रतिशत छुट दिने भनिएको छ। तर, जनताकै करबाट बनेको धरहरा चढ्न तोकिएको शुल्क अलि बढी नै भयो। सामान्य नागरिक र विद्यार्थीका लागि यो शुल्क चर्को नै हो। त्यसैले, सरकारले तत्काल यसमा पुनरावलोकन गर्नुपर्छ। शुल्क कम गरेर बढीभन्दा बढी मानिसले धरहरा चढ्ने वातावरण सरकारले बनाउनुपर्छ।

● **सुन्दर तामाङ**
तारकेश्वर-११, काठमाडौं

महसुल बुझाउन आलटाल किन ?

आफूले उपभोग गरेको बिजुलीको महसुल समयमै नबुझाउने र उल्टै हाम्रो लाइन काट्न पाइँदैन भनेर दबाब दिने उद्योगपतिले देश र जनताको भलो गर्दैनन्। मन्त्रिपरिषद्को बैठकले काटेको २४ घण्टाभित्र लाइन जोड्न र लाइन जोडेको १५ दिनमा उद्योगहरूले बक्यौता बुझाउने निर्णय गरेको थियो। तर, उद्योगले आजसम्म पनि विद्युत् बक्यौता नबुझाएको सुनिन्छ। आफूले प्रयोग गरेको बिजुलीको महसुल बुझाउन किन आलटाल गर्छन् उद्योगपतिहरू, थाहा भएन। गरिब जनताले एक-दुई महिनासम्म बिजुलीको दुई-चार सय महसुल नतिरे लाइन काटिन्छ। उद्योगपतिहरूले चाहिँ वर्षौंसम्म अर्बौं बक्यौता नतिर्दा पनि केही गर्न नपाइने कस्तो सरकारी नीति हो ? सरकारी कम्पनीमध्ये फाइदामा गएको यही विद्युत् प्राधिकरण छ, यसलाई पनि कसरी घाटामा लान सकिन्छ भनेर सबै लागेको देख्दा अचम्म लाग्छ। विद्युत् महसुल नबुझाउने उद्योगहरूलाई महसुल बुझाउन सरकारले दबाब दिनुपर्नेमा उल्टो प्राधिकरणका कार्यकारी निर्देशकलाई चाहिँ महसुल नउठाउन दाबाब दिनु सरकारको उल्टो बाटो हो।

विद्युत् प्राधिकरणले महसुल बुझाउन पत्र काट्दा पनि बुझाउन नआउनु उद्योगपतिको दादागिरी हो। बिजुली उपभोग गरेपछि पैसा तिर्नुपर्छ भन्ने जोकोहीलाई थाहा हुन्छ। त्यो जान्दाजान्दै पनि नतिर्नु भनेको हेपाहा प्रवृत्ति हो। करोडौं घाटामा गएको प्राधिकरणलाई कुलमानले फाइदामा लगे। तैपनि, वर्तमान सरकारले उनलाई कसरी माइनस गराउन सकिन्छ भनेर लागेको देख्दा अचम्म लाग्छ। के देशमा केही गर्छु भनेर आउनेलाई चौतर्फी आक्रमण गर्नैपर्ने हो ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ग्रहरक्षाका लागि विश्व बैंक र आइएमएफको उन्मूलन

विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले नव-उपनिवेशवादी संस्थाका रूपमा युरो-अमेरिकी साम्राज्यवादी शक्तिको एजेन्डालाई अगाडि सार्छन्



देश/विदेश

● केस्टन के पेरी

यसपटकको राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन पनि तत्काल पहलकदमी लिने प्रतिबद्धता गर्न असफल भयो। बाढी, खडेरी र आँधीहुरीजस्ता चरम मौसमीय घटना विकसित मुलुक (उत्तरी गोलार्ध) का लागि नयाँ लाग्लान्, तर यस्ता घटनाले अल्पविकसित क्षेत्र (दक्षिणी गोलार्ध) विशेषतः क्यारेबियन क्षेत्र दशकौंदेखि ध्वस्त छन्। यी विपत्ले आर्थिक स्थिरतालाई मात्र नभई विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) जस्ता संस्थाको नकारात्मक भूमिकालाई पनि उजागर गरेका छन्। यी संस्थाको हस्तक्षेपले प्रायः जलवायु प्रभावित समुदायको समस्यालाई थप चर्को बनाएको छ। वास्तवमा ग्रहलाई जोगाउन र जीवन बचाउन यी संस्थाको उन्मूलन अपरिहार्य छ।

क्यारेबियन द्वीप राष्ट्रले कठोर वास्तविकता भोगिरहेका छन्। १ जुलाईमा 'हरिकेन बेरिल'ले ग्रेनाडामा प्रहार गऱ्यो, क्यारियाकु र पेटाइट मार्टिनिकलाई तहसनहस पार्दै लगभग सबै घर र पूर्वाधार नष्ट गऱ्यो, जसमा ६ जनाले ज्यान गुमाए। सेन्ट भिन्सेन्ट र ग्रेनाडिन्समा पनि व्यापक विनाश भयो, जहाँ दुई राष्ट्रमा ८० हजार मानिस प्रभावित भए, २० हजार घरबारविहीन भए र ११ जनाको ज्यान गयो। जमैका पनि जलवायु कहरबाट अछुतो रहेन। त्यहाँ चारजनाले ज्यान गुमाए, एक लाख ६० हजार मानिस प्रभावित भए र कृषिमा आश्रित समुदाय तहसनहस भए। यी राष्ट्र आइएमएफ र विश्व बैंकसँग भएका विनाशकारी सम्झौताका बन्धक बनेका छन्।

जलवायु विपत्का केन्द्रमा रहेको क्षेत्रलाई सहयोग गर्नुको सट्टा आइएमएफ र विश्व बैंकले राहत एवं पुनर्स्थापनाभन्दा बढी मितव्ययिता लागू गर्ने र वैश्विक पुँजीको प्राथमिकतामा आधारित ऋण सम्झौता थोपर्छन्। यसले सार्वजनिक ऋण झन् बढाउँछ र जलवायु संकट सामना गर्न आवश्यक सामाजिक पूर्वाधारमा लगानी घटाउँछ। निःसर्त राहत उपलब्ध गराउनुको सट्टा यी संस्थाले विपत्तिको बिमा, ऋण विनिमय र ऋण सम्झौतामा 'विपत् प्रावधान'जस्ता संयन्त्रलाई प्रोत्साहन गर्छन्। 'राहत' दिने दाबी गरिए पनि विपत् प्रावधानजस्ता उपायले जलवायु प्रभावित सरकार र समुदायमा खर्च र बोझ थप्छन्। उदाहरणका लागि क्यारेबियन अर्थशास्त्री एवं 'ब्रिजटाउन इनिसिएटिभ'का मुख्य प्रस्तावक अविनाश पेर्साउदसमेतले समर्थन गरेको यो प्रावधान केवल तुफानमा हावाको गति वा विनाशको लागतजस्ता मानक पूरा भएपछि मात्र सक्रिय हुन्छ। हरिकेन बेरिलपछि ग्रेनाडाले यो प्रावधान प्रयोग गर्न सके पनि जमैकाले यस्तै आर्थिक संयन्त्रको पहुँच पाएन। जमैकाको मामिलामा आपत्कालीन बन्ड (कोष) प्रयोग गर्न सकिएन किनभने तुफानले तथाकथित 'वायुदबाब'को प्रावधान पूरा गरेन, अर्थात् लगानीकर्ताको कोष सुरक्षित रह्यो। आपत्कालीन बन्ड भनेको एक उच्च प्रतिफल दिने ऋण संयन्त्र हो, जसको व्यवस्थापन विश्व बैंकले गर्छ, जसलाई प्राकृतिक विपत्को समयमा बिमा कम्पनीका लागि धन जुटाउन निर्माण गरिएको हुन्छ। यदि यी बन्डजस्ता संयन्त्रले भुक्तानी गर्न नसकेमा यी लगानीकर्ताले १५ प्रतिशतसम्मको नाफा कमाउँछन्। यी सीमा एवं सर्त वैज्ञानिक प्रमाणका आधारमा बनेका छैनन् र यी विपत्का जटिलता एवं अनिश्चिततालाई



तस्बिर : अर्थर इयानियल/रोयटर्स

ध्यानमा राख्दैनन्, किनभने ती वित्तीय विश्लेषकले निर्धारण गरेका हुन्छन्, जसको उद्देश्य लगानीकर्ताका लागि उच्च नाफा सिर्जना गर्नु हो।

पर्याप्त स्रोत नभएका कारण जमैका र ग्रेनाडाले पुनः स्थापनाका लागि आइएमएफ र विश्व बैंकबाट ऋण लिनुपर्ने स्थिति उत्पन्न हुन सक्छ, जसले ऋणको बोझ झनै बढाउनेछ। यी सम्झौताको दीर्घकालीन प्रभाव ०१७ मा हरिकेन इरमा र मारियाले नष्ट गरेका बारबुडा, सिन्ट मार्टिन र डोमिनिकामा स्पष्ट देखिन्छ। मैले ती द्वीपमा हालै गरेको भ्रमणमा ऋणसँग सम्बन्धित वित्तीय संयन्त्र केवल अपर्याप्त मात्र नभई अन्यायपूर्ण पनि भएको पाएको थिएँ। यी संयन्त्रले समुदायको सामाजिक, आर्थिक र पर्यावरणीय पुनः स्थापना सुनिश्चित गर्न सक्दैनन्। उदाहरणका लागि डोमिनिकामा तुफानपछिको जलवायु वित्तीय सहायता ऋणका रूपमा आएको थियो, जसले ऋण बढाउनेबाहेक केही गरेन। नतिजा ७० हजार जनसंख्या भएको यो देशले प्रत्येक वर्ष तीन करोड डलर ऋण सेवा गर्नुपर्ने स्थिति आएको छ। एक डोमिनिकन ट्याक्सी चालकका शब्दमा भन्ने हो 'वास्तविक तुफान त तुफान गएपछि' सुरु भएको थियो।

आइएमएफ र विश्व बैंकले जलवायु प्रभावित समुदायमा पुऱ्याउने पीडा उपनिवेशवादको बिरासत र वास्तविकतासँग मेल खान्छ। यी संस्थाका उपायमा ट्रान्सएट्लान्टिक दास व्यापारलाई प्रोत्साहित गर्ने बिमा प्रणाली, पुँजी बजार र वित्तीय संयन्त्रमा आधारित छन्। आजका यी संस्थाले नव-उपनिवेशवादी संस्थाको रूपमा कार्य गर्दै युरो-अमेरिकी साम्राज्यवादी शक्तिको एजेन्डालाई अगाडि सार्छन्। यी संस्था विपत् कम गर्न नभई क्यारेबियन र अन्य क्षेत्रका जलवायु प्रभावित राष्ट्रमा ऋणको पासो थाप्न उद्यत् छन्।

एकैसाथ धेरै जटिल र आपसमा जोडिएका संकटका समयमा यी संस्था जलवायु संकट र चुनौतीका लागि उपयुक्त छैनन्। वास्तवमा विश्व बैंक र आएमएफ फ्रान्ज फ्यानो भन्ने गरिएको 'पृथ्वीका दरिद्र'का सेवा गर्ने उद्देश्यले खुलेका होइनन्। यी संस्था युरो-अमेरिकी प्रभुत्व र वर्चस्वलाई सुदृढ गर्न र वैश्विक पुँजीका चासोलाई रक्षा गर्न सिर्जना गरिएको थिए। त्यसैले हामी यी संस्थाबाट सुधारको आशा गर्न सक्दैनौं। मानव जीवन र पृथ्वीको हितमा विश्व बैंक र आइएमएफको अन्त्य आवश्यक छ।

(पेरी क्यालिफोर्निया विश्वविद्यालय लस एन्जलसका अफ्रिकन अमेरिकन अध्ययनका उपप्राध्यापक हुन्)

अल जजिराबाट

■ राष्ट्रसंघ भन्छ-

महिला घरमा पनि असुरक्षित

सन् २०२३ मा हरेक दिन औसत १४० महिला र केटीहरू आफ्नै घनिष्ठ साथी वा नजिकको नातेदारबाट मारिएको खुलासा भएको छ। लैंगिक हिंसासम्बन्धी संयुक्त राष्ट्रसंघको प्रतिवेदनले सोमबार उक्त जानकारी दिएको हो। प्रतिवेदनअनुसार गत वर्ष करिब ८५ हजार महिला तथा किशोरीको हत्या भएको थियो। महिला र किशोरी चौतर्फी रूपमा हिंसाबाट ग्रसित छन्। 'जताततै लैंगिक हिंसाको चरम रूपबाट महिला प्रभावित भइरहेका छन्,' प्रतिवेदनमा भनिएको छ, 'महिला र केटीहरूका लागि घर सबैभन्दा खतरनाक ठाउँ हो।' गत वर्ष करिब ६० प्रतिशत अर्थात् ५१ हजारभन्दा बढी महिला तथा किशोरीको मृत्यु आफ्नो पार्टनर वा नातेदारको हातबाट भएको प्रतिवेदनमा उल्लेख छ। यो भनेको हरेक दिन १४० जना वा प्रत्येक १० मिनेटमा एकजना महिलाको हत्या हुनुबराबर हो। प्रतिवेदनमा भनिएको छ, 'यो महिला र किशोरीका लागि घातक हो।' अफ्रिकामा सन् २०२३ मा २१ हजार ७०० महिलाको मृत्यु भएको थियो। सबैभन्दा कम महिला हत्यादर युरोप र एसियामा छ। केही देशमा हिंसा रोक्न प्रयास गरिए पनि लैंगिक असमानता र रुढिवादले नारीहत्याको संख्या बढेको छ। यसविपरीत अधिकांश पुरुषको हत्या घरबाहिर हुन्छ। प्रतिवेदनमा भनिएको छ- देशहरूले महिला र बालिकाको हत्या रोक्न प्रयास गरे पनि सफल हुन सकेको छैन। *-एजेन्सी*

मणिपुर बचत तथा ऋण सहकारी संस्था लि. को सोह्रौं (१६औं) बार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०८१ मंसिर ०७ गते शुक्रबारका दिन सम्पन्न यस संस्थाको सञ्चालक समिति बैठकको निर्णयानुसार संस्थाको सोह्रौं(१६औं) वार्षिक साधारणसभा देहायका विषयहरू उपर छलफल गर्नका लागी निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई उपस्थितीका लागि हार्दिक अनुरोध गर्दछ।

छलफलका विषयहरू :

१ आ.व. २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२ आ.व. २०८०/०८१ को लेखा समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३ आ.व. २०८०/०८१ को लेखा परिक्षकको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
४ आ.व. २०८१/०८२ को लागी लेखापरिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण सम्बन्धमा।
५ संस्था एकिकरण (मर्जर) गर्ने सम्बन्धमा।
६ सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिती र कर्जा उप-समितीका पदाधिकारी तथा सदस्यहरू चयन गर्ने सम्बन्धमा।
७ निष्कृय सदस्यता खारेज गर्ने सम्बन्धमा।
८ संस्थाको सञ्चालक समिति तथा अन्य उप-समितिबाट भए गरेका निर्णयहरूको अनुमोदन गर्ने सम्बन्धमा।
९ साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न सदस्यहरूको मनोनयन गर्ने सम्बन्धमा।
१० विविध।

सभा हुने मिति, स्थान र समय :
मिति : २०८१ साल मंसिर २९ गते शनिवार
स्थान : मानसरोवर पार्टी प्यालेस, पुरानोवानेश्वर काठमाण्डौं
समय : दिनको ठिक १:०० बजे

सञ्चालक समितिको तर्फबाट
सचिव

काठमाडौं-०९, बत्तिसपुतली फोन ०१-४५७४५२३, ५९०९५२४

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/७८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गारिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी फर्म: रोशनदिप सपिङ्ग सेन्टर,** प्रोप्राइटर तथा जमानीकर्ता: चित्र बहादुर वि.सी. दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, सुर्खेतमा प्रा.फ.र.नं. १५३४/०६७/०६८, स्था.व्या., दर्ता मिति: २०६७/०७/११, ठेगाना: जिल्ला सुर्खेत, बिरेन्द्रनगर न.पा. वडा नं. ६
	२) ऋणी: चित्र बहादुर वि.सी. स्थायी ठेगाना: सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७, हालको ठेगाना: सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा. वडा नं. १०, बाबु: अमृत बहादुर बुढा, बाजे: पुने बुढा
	धितोको विवरण
	१) पुने बुढाको नाती, अमृत बहादुर बुढाको छोरा, सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बिरेन्द्रनगर न.पा. वडा नं. १० बस्ने चित्र बहादुर वि.सी.को नाममा मालपोत कार्यालय, बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, जर्बुटा गा.वि.स. वडा नं. ४/क स्थित किता. न. १५७९ को क्षेत्रफल क्रमश: ०-०-११ (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) रोशनदिप सपिङ्ग सेन्टरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	ऋणीको विवरण
२)	**ऋणी फर्म: न्यू शान्ति ट्रेडर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: कृपा शंकर सा तुरहा दर्ता नं.: आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३२८२६/०७१/७२, दर्ता मिति २०७१/०९/०७, ठेगाना: जिल्ला पर्सा, वीरगंज उ.म.न.पा. वडा नं. १९ (हाल वीरगंज म.न.पा. वडा नं. १४, नगवा)
	धितोको विवरण
	१) महेश सा तुरहाकी छोरी, रामानन्द साकी बुहारी, कृपा शंकर साह तुरहाकी पत्नी, पर्सा जिल्ला अलौ गाउँ पञ्चायत वडा नं. ३ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १७ बस्ने शान्ती देवी तुरहीनको नाममा भुमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, अलौ गा.वि.स. वडा नं. ३ (हाल वीरगंज म.न.पा. वडा नं. १७) स्थित किता नं. २० र २१ को क्षेत्रफल क्रमश: ०-०-६ र ०-०-१० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) न्यू शान्ति ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	ऋणीको विवरण
३)	**ऋणी: राम शंकर यादव** ठेगाना: महोत्तरी जिल्ला, बल्वा न.पा. वडा नं. ३, बाबु: श्याम सुन्दर यादव, बाजे: निरस यादव
	धितोको विवरण
	निरस यादवको नाती, श्याम सुन्दर यादवको छोरा, महोत्तरी जिल्ला, बल्वा न.पा. वडा नं. ३ बस्ने राम शंकर यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, पडौल गा.वि.स. २ (हाल बलवा न.पा. वडा नं. ३) स्थित किता नं. ५३८ को क्षेत्रफल ०-१-१०-०१/४ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
	ऋणीको विवरण
४)	**ऋणी फर्म: जयमा जानकी इलेक्ट्रोनिक्स,** प्रोप्राईटर तथा जमानीकर्ता: शन्तोष कुमार भण्डारी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरमा प्रा.फ.र.नं. २०५३/९२/०६७/६८, दर्ता मिति २०६७/०५/२९, ठेगाना: जिल्ला धनुषा, जनकपुर उ.म.न.पा. वडा नं. ८
	धितोको विवरण
	१) राम प्रसाद मालीकी छोरी, झखन मालीकी बुहारी, महेन्द्र मालीको पत्नी, धनुषा जिल्ला, जनकपुर गा.प. वडा नं. ११ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. ८ बस्ने निर्सि देवी मालीनको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. ८ (हाल जनकपुरधाम उ.म.न.पा. वडा नं. ८) स्थित किता नं. १४ र ३३६ को क्षेत्रफल ०-०-१०-० र ०-०-२१/२ (विगाहा)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) जयमा जानकी इलेक्ट्रोनिक्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	ऋणीको विवरण
५)	**ऋणी: विप्लव ढुंगाना** स्थायी ठेगाना: झापा जिल्ला, बाहुन्डाँगी गा.वि.स वडा नं.४, हालको ठेगाना: झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५, बाबु: ज्ञानेन्द्र कुमार ढुंगाना, बाजे: राम चन्द्र ढुंगाना
	धितोको विवरण
	सवारी मोडल: Hyundai Eon Era + | च्यासिस नं.: MALA251ALHM548750*D | ईन्जिन नं.: G3HAHM504469 | सवारी दर्ता नं.: बा १७ च ६०२९
	ऋणीको विवरण
६)	**ऋणी फर्म: लभकुश मत्स्य फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: लभ यादव दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा उद्योग दर्ता नं. ७९२४/८७२/०७७/०७८, दर्ता मिति २०७७/१०/२५, ठेगाना: जिल्ला महोत्तरी, भंगहा न.पा. वडा नं. ९
	धितोको विवरण
	१) बालधारी यादवकी छोरी, राजेश्वर यादवकी बुहारी, रामविलास यादवकी पत्नी, महोत्तरी जिल्ला, ह.हरिणमरी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ९ बस्ने विराजी देवी यादवको नाममा भूमिसुधार तथा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगतमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, अजगेवा हरिनमरी गा.वि.स. वडा नं. ५ क (हाल भंगहा न.पा. वडा नं. ९) स्थित किता नं. २६८, ३६० र २८४ को क्षेत्रफल क्रमश: ०-२-०, ०-२-० र ०-३-१० (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) लभकुश मत्स्य फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

नोट: ऋणी बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणीको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आँफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आँफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आँफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आँफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार बिल्डिङ (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०८/११

यस मञ्जुश्री फाईनान्स लि.को नाममा दर्ता कायम रहेका तपशिलमा उल्लेखित ९ थान सवारी साधन (मोटरसाइकल/स्कुटर) विक्री गर्नु पर्ने भएकोले यस वित्तीय संस्थावाट खरिद गरेको वोलपत्र फारम रीत पुर्वक भरी मिति २०८१/०८/२५ गते र उक्त दिन सार्वजनिक विदा परेमा उक्त विदाको लगत्तै पछि कार्यालय खुलेको दिन कार्यालय समय भित्र गोप्य शिलवन्दी वोलपत्र प्रस्ताव पेश गर्न यो १५ दिने सूचना प्रकाशित गरिएको छ।

तपशिल

Branch Name	Vehicle No.	Model	Chasis No.	Engine No.
Narayanghat	Na 32 pa 2773	Glamour 2014	MBLJA06AHEGJ01421	JA06EJEGJ05474
Narayanghat	Na 40 pa 7576	Honda CB unicorn 2016	ME4KC204DG8012126	KC20E80176911
Newroad	BA 86 PA9607	Honda Shine 2017	ME4JC734GH8005292	JC73E81010759
Butwal	LU 30 PA 3918	Honda Aviator 2016	ME4JF219J8093304	JF21E81144996
Itahari	P1-02 045 PA 5324	Deo Scooter 2021	ME4JF39JCMD026830	JF39ED1042923
Nepalgunj	Bhe 7 PA 465	Glamour 125 2016	MBLJA06ANGGE14785	JA06EJGGE37671
Pokhara	GA 17 PA 6653	C B Shine 2019	ME4JC738FKD001251	JC73E00012773
Birgunj	NA 46 PA 7423	YAMAHA FZS 150 2017	ME1RG4423H0010078	G3J3E0013215
Jhumka	PRA 1-02-045 PA 6346	TVS NTORQ 2021	MD626AG7XM2B00774	BG7BM2300710

शर्तहरू:
१. वोलपत्र फारम रु २,०००।- (दुई हजार रुपैयाँ मात्र) मा पछि फिर्ता नहुने गरी मिति २०८१/०८/२५ गते १२ बजे भित्रमा यस वित्तीय संस्थाको मुख्य कार्यालय प्रशासन बिभागवाट खरीद गर्न सकिनेछ।
२. खरिद भएको बोलपत्र भरी मिति २०८१ मंसिर २५ गते कार्यालय समय भित्र यस वित्तीय संस्थाको मूख्य कार्यालय नयाँ बानेश्वर-१० स्थित कार्यालयमा शिलबन्दी गरि पेश गर्नु पर्नेछ।
३. प्राप्त भएका शिलबन्दी बोलपत्रहरु २०८१ मंसिर २६ गते दिनको ३ बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस वित्तीय संस्थाको मुख्य कार्यालय नयाँ बानेश्वर-१० स्थित कार्यालयमा खोलिनेछ। सो दिन सार्वजनिक बिदा परेमा उक्त बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन दिनको ३ बजे शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा यस वित्तीय संस्थाको मुख्य कार्यालय नयाँ बानेश्वरमा खोलिनेछ। तर शिलबन्दी बोलपत्रदाताहरु वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
४. वित्तीय संस्थाको आर्थिक प्रशासन विनियमावलीको अधिनमा रही परेका वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कम्पनीमा निहित रहनेछ।
सम्पर्क व्यक्ति : अनिल चौधरी, मो. नं. ९८४५७८८४२५

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०८/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला। अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ।

साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

कुरिनटार शाखा, चितवन

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
१. झलक विसुराल ना.प्र.नं. ४४-०१-६८/००१५० जारी मिति २०६८/०८/०८, जि.प्र.का. गोरखा बाबुको नाम : राम बहादुर विसुराल बाजेको नाम : दुर्गा बहादुर विसुराल स्थायी ठेगाना : घ्यालचोक -९, गोरखा हालको ठेगाना : गण्डकी गा.पा. -८, गोरखा **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा घर कर्जा**	**माँया देवी विसुराल** ना.प्र.नं. २/३१४२ जारी मिति २०४४/१२/१०, जि.प्र.का. धादिङ बाबुको नाम : धुर्व बहादुर तिमील्सेना पतिको नाम : राम बहादुर विसुराल ससुराको नाम : दुर्गा बहादुर विसुराल स्थायी ठेगाना : वेनिघाट -८, धादिङ हालको ठेगाना : गण्डकी गा.पा. -८, गोरखा	**कविता बिसुराल (सिंह ठकुरी)** ना.प्र.नं. ४४१०१३-१०३६ जारी मिति २०७०/०७/०४ जि.प्र.का. गोरखा बाबुको नाम : जंग बहादुर सिंह ठकुरी पतिको नाम : झलक विसुराल ससुराको नाम : राम बहादुर विसुराल स्थायी ठेगाना : गण्डकी गा.पा. -८, गोरखा	**राम बहादुर विसुराल** ना.प्र.नं. ६/६८५ जारी मिति २०४६/०८/२५ जि.प्र.का. धादिङ बाबुको नाम : दुर्गा बहादुर विसुराल बाजेको नाम : लक्ष्मी प्रसाद विसुराल स्थायी ठेगाना : वेनिघाट -८, धादिङ हालको ठेगाना : गण्डकी गा.पा. -८, गोरखा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
२. रेशम गुरुङ ना.प्र.नं. ४८/२०, जारी मिति २०६२/०१/१८ जि.प्र.का. धादिङ बाबुको नाम : कृष्ण बहादुर गुरुङ बाजेको नाम : कर्ण विर गुरुङ स्थायी ठेगाना : जोगिमारा -४, धादिङ हालको ठेगाना : वेनिघाट रोराङ गा.पा. -१०, धादिङ **कर्जा शिर्षक : आवधिक, ओभरड्राफ्ट तथा घर कर्जा**	**कृष्ण बहादुर गुरुङ** ना.प्र.नं. १९०१, जारी मिति २०३९/०१/१३ जि.प्र.का. चितवन बाबुको नाम : कर्ण विर बाजेको नाम : जयसार स्थायी ठेगाना : काउले -३, चितवन हालको ठेगाना : वेनिघाट रोराङ गा.पा. -१०, धादिङ	**पुजा गुरुङ** ना.प्र.नं. ३९६/०६२, जारी मिति २०६२/०८/०१ जि.प्र.का. चितवन बाबुको नाम : जंग बहादुर गुरुङ पतिको नाम : रेशम गुरुङ ससुराको नाम : कृष्ण बहादुर गुरुङ स्थायी ठेगाना : चण्डीभञ्ज्याङ -७, चितवन हालको ठेगाना : वेनिघाट रोराङ गा.पा. -१०, धादिङ

लालबन्दी शाखा, सर्लाही

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
विनोद साह ना.प्र.नं. ६३६३१८८ जारी मिति २०५६/०३/१४, जि.प्र.का. सर्लाही बाबुको नाम : जुगुल साह कलवार बाजेको नाम : रामपती साह स्थायी ठेगाना : बलरा -६, सर्लाही हालको ठेगाना : बलरा न.पा. -४, सर्लाही **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**प्रदीप साह** ना.प्र.नं. १९३००२/५२९ जारी मिति २०६३/१२/२२ जि.प्र.का. सर्लाही बाबुको नाम : जुगुल साह कलवार बाजेको नाम : रामपती साह स्थायी ठेगाना : बलरा -६, सर्लाही हालको ठेगाना : बलरा न.पा. -४, सर्लाही	**विमला देवी** ना.प्र.नं. १७९३/१७२९ जारी मिति २०५५/०१/०४ जि.प्र.का. सर्लाही पतिको नाम : जुगुल साह कलवार ससुराको नाम : रामपती साह स्थायी ठेगाना : बलरा -६, सर्लाही हालको ठेगाना : बलरा न.पा. -४, सर्लाही	**ललिता देवी** ना.प्र.नं. १९३००२/५३९ जारी मिति २०६३/१२/२९ जि.प्र.का. सर्लाही पतिको नाम : विनोद साह ससुराको नाम : जुगुल साह कलवार स्थायी ठेगाना : बलरा -६, सर्लाही हालको ठेगाना : बलरा न.पा. -४, सर्लाही

धनगढी शाखा, कैलाली

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
प्रदेश सरकार, सुदुरपश्चिम प्रदेश, उद्योग पर्यटन बन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलालीमा प्रा.फ.द.नं. १८३६७ अन्तर्गत मिति २०७९/०३/०९ मा दर्ता कायम भएको **सौर्य गारमेन्ट उद्योग** फर्म दर्ता ठेगाना : धनगढी उ.म.न.पा. -४, कैलाली स्थायी लेखा नं. ६१८२८२९५३, मिति २०७९/०३/१० **प्रोप्राइटर : महेश्वरी चोखाल** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**महेश्वरी चोखाल** ना.प्र.नं. ६७-०१-६९-०९०९५ जारी मिति २०६९/११/०२, जि.प्र.का. कैलाली बाबुको नाम : खेम बहादुर कठायत पतिको नाम : दान बहादुर चोखाल ससुराको नाम : सुरत बहादुर चोखाल स्थायी ठेगाना : श्रीपुर -४, कैलाली हालको ठेगाना : गोदावरी न.पा. -६, कैलाली	**दान बहादुर चोखाल** ना.प्र.नं. ७१५१११/१८५ जारी मिति २०५८/०२/१२, जि.प्र.का. कैलाली बाबुको नाम : सुरत बहादुर चोखाल बाजेको नाम : नन्द राम चोखाल स्थायी ठेगाना : गोदावरी न.पा. -६, कैलाली

भैरहवा शाखा, रुपन्देही

ऋणीको विवरण		
१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.नं. २४७/०४२/०४३ अन्तर्गत मिति २०४२/०६/१५ मा दर्ता कायम भएको **प्रकाश चिउरा मिल** फर्म दर्ता ठेगाना : रामग्राम न.पा. -६, नवलपरासी स्थायी लेखा नं. ३००७८३९००, मिति २०४२/०६/१५ **प्रोप्राइटर : राज नारायण थारु** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	**२.** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. ७४८/१४६५/०६६ अन्तर्गत मिति २०६६/०१/०३ मा दर्ता कायम भएको **जय मातादी ट्रेडर्स** फर्म दर्ता ठेगाना : रामग्राम न.पा. -६, नवलपरासी स्थायी लेखा नं. ३०३५९५८९६, मिति २०६६/०१/०४ **प्रोप्राइटर : ऋग्वेद चौधरी** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**३.** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.र.नं. ६१३/०६४/०६५ अन्तर्गत मिति २०६४/०९/२९ मा दर्ता कायम भएको **जयमा दुर्गे आयल सप्लायर्स** फर्म दर्ता ठेगाना : रामग्राम न.पा. -६, नवलपरासी स्थायी लेखा नं. ३०२७१४३१३, मिति २०६४/१०/०२ **प्रोप्राइटर : ऋषिकेश चौधरी** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण		
राजनारायण थारु ना.प्र.नं. ७७७२, जारी मिति २०३४/०४/१८ जि.प्र.का. नवलपरासी बाबुको नाम : कन्है थारु बाजेको नाम : चीरकुट थारु स्थायी ठेगाना : पाल्ही -८, नवलपरासी हालको ठेगाना : रामग्राम न.पा. -६, नवलपरासी	**प्रकाश नारायण चौधरी** ना.प्र.नं. १७८११, जारी मिति २०५१/०४/०४ जि.प्र.का. नवलपरासी बाबुको नाम : राजनारायण थारु बाजेको नाम : कन्है थारु स्थायी ठेगाना : मझरीया -८, नवलपरासी हालको ठेगाना : रामग्राम न.पा. -६, नवलपरासी	**ऋग्वेद चौधरी** ना.प्र.नं. ९२२६४, जारी मिति २०६३/०९/१७ जि.प्र.का. नवलपरासी बाबुको नाम : राज नारायण थारु बाजेको नाम : कन्है थारु स्थायी ठेगाना : रामग्राम -६, नवलपरासी हालको ठेगाना : रामग्राम न.पा. -६, नवलपरासी
ऋषिकेश चौधरी ना.प्र.नं. ९२२६३, जारी मिति २०६३/०९/१७ जि.प्र.का. नवलपरासी बाबुको नाम : राज नारायण थारु बाजेको नाम : कन्है थारु स्थायी ठेगाना : रामग्राम -६, नवलपरासी हालको ठेगाना : रामग्राम न.पा. -६, नवलपरासी	**सकुन्तला चौधरी** ना.प्र.नं. ८४६६०, जारी मिति २०६२/०९/१७, जि.प्र.का. नवलपरासी बाबुको नाम : अयोध्या प्रसाद चौधरी पतिको नाम : प्रकाश नारायण चौधरी ससुराको नाम : राजनारायण थारु स्थायी ठेगाना : रामग्राम -१, नवलपरासी हालको ठेगाना : रामग्राम न.पा. -६, नवलपरासी	

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय : कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार ११ मंसिर ०८१

निजी क्षेत्रलाई प्राकृतिक ग्यास आयात र कारोबारको अनुमति

सिमरामा आठ बिघा जमिनमा उद्योग खोल्ने तयारी, करिब एक अर्ब लगानी हुने



उद्योगी शिवप्रसाद घिमिरे र गोकुल भण्डारी

नयाँ पत्रिका

पेट्रोलियम पदार्थको कारोबारमा एकाधिकारप्राप्त सरकारी स्वामित्वको आयल निगमको स्वीकृतिमा निजी क्षेत्रलाई प्राकृतिक ग्यास आयात र कारोबारको अनुमति प्रदान गरिएको छ। दुई ठुला ग्यास उद्योगी शिवप्रसाद घिमिरे र गोकुल भण्डारीको संयुक्त लगानी रहेको योग्य होल्डिङ्ग्स प्रालिले उद्योग विभागबाट तरल प्राकृतिक ग्यास (एलएनजी)को आयात र बिक्री अनुमति पाएका हुन्।

भण्डारी सबैभन्दा ठुलो बजार सञ्जाल रहेको 'नेपाल ग्यास'का सञ्चालक हुन् भने घिमिरे पूर्वमा प्रिमा ग्यासदेखि सुदूरपश्चिममा सैपाल ग्याससहित सातवटा उद्योगका सञ्चालक हुन्। दुवै उद्यमीसँग ग्यास उद्योगका क्षेत्रमा लामो अनुभव छ। उनीहरूले सोही अनुभवका आधारमा प्राकृतिक ग्यास कारोबारको अनुमति पाएका हुन्। घिमिरे ग्यास उद्योगीको छाता संस्था 'ग्यास उद्योग संघ'का अध्यक्ष हुन् भने भण्डारी पूर्वअध्यक्ष हुन्।

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99% p.a.
T & C apply
Global IME Bank
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

उद्योग विभागले गत शुक्रबार प्राकृतिक ग्यास आयातको कारोबार गर्न अनुमति दिएको योग्य होल्डिङ्सले जनाएको छ। विभागले आयल निगमको स्वीकृति लिएर मात्र निजी क्षेत्रलाई पेट्रोलियम पदार्थको कारोबार गर्ने लाइसेन्स जारी गरेको हो।

कम्पनीले कारोबार अनुमति पाएसँगै बाराको सिमरामा उद्योग खोल्ने तयारी थालेको छ। त्यहाँ यसअघि नै खरिद गरेको २० बिघा जमिनमध्ये आठ बिघामा उद्योग खोल्ने तयारी भएको कम्पनीले जनाएको छ। उद्योगमा करिब एक अर्ब लगानी हुने जनाइएको छ। योग्य होल्डिङ्सले आयात अनुमति पाएको प्राकृतिक ग्यासको भने मुलुकमा ठुलो कारोबार छैन। यद्यपि, योग्य होल्डिङ्सले आयात गर्ने एलएनजीलाई प्रशोधन गरी हाल विभिन्न उद्योगमा प्रयोग भइरहेको ग्यास, डिजेललगायतको सट्टा प्रयोग गर्न मिल्ने गरी उपलब्ध गराउने योजना छ। कम्पनीले नवीन प्रविधिका मेसिनरी राखेर 'सिएनजी' ग्यास उत्पादन गर्ने लक्ष्य राखेको जनाएको छ।

भन्सार दर घटेपछि सुनको मूल्यमा एकै दिन १५ हजार नौ सयको गिरावट

अवैध व्यापार नियन्त्रण हुने अपेक्षा, तत्काल दुई सय किलो सुन आयात गर्ने वाणिज्य बैंकको तयारी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले सुनको भन्सार दरमा ५० प्रतिशत कटौती गरेपछि नेपाली बजारमा सुनको मूल्य एकै दिनमा तोलामा १५ हजार नौ सय रुपैयाँ घटेको छ। नेपाल सुनचाँदी व्यवसायी महासंघले सोमबार सुन प्रतितोला एक लाख ५१ हजार तीन सय रुपैयाँमा किनबेच भएको छ। आइतबार सुनको मूल्य प्रतितोला एक लाख ६७ हजार थियो। सम्भवतः नेपाली बजारमा सुनको मूल्यमा एकै दिनमा आएको यो गिरावट हालसम्मको उच्च हो।

आइतबारसम्म सुनको आयातमा लाग्ने भन्सार महसुल दर २० प्रतिशत थियो। तर, सोमबारदेखि लागू हुने गरी त्यसलाई १० प्रतिशतमा सीमित राखिएको छ। सोही कारण सुनको मूल्यमा कमी आएको महासंघका अध्यक्ष अर्जुन रसाइलीले बताए।

नेपालमा भन्सार दर र अन्तर्राष्ट्रिय बजार मूल्यका आधारमा सुनको मूल्य निर्धारण गरिन्छ। सरकारले भन्सार महसुल दर घटाएपछि लागत पनि घट्न गई मूल्य घटेको उनको भनाइ छ। यस्तै, सोमबार चाँदीको मूल्य पनि एक सय १५ रुपैयाँले घटेर प्रतितोला त्यो १८ सय ४५ रुपैयाँमा कारोबार भएको छ। चाँदीको आयातमा लाग्ने भन्सार महसुल दर १५ प्रतिशतबाट घटाएर १० प्रतिशत कायम गरिएको छ।

यसअघि नेपाल र भारतमा सुनमा लगाइएको भन्सार महसुल दर १५-१५ प्रतिशत थियो। नेपालको पछिल्लो बजेट (१५ जेठ ०८१) मार्फत त्यसलाई बढाएर २० प्रतिशत पुऱ्याएको। त्यसपछि आएको भारतको बजेटले भने सुनको भन्सार दर १५ प्रतिशतबाट घटाएर ६ प्रतिशत बनायो। साथै, भारतमा सुन आयात गर्दा थप ३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) पनि लाग्छ। यसरी नेपालमा भन्दा कम कर लाग्ने भएपछि भारतमा सुन सस्तो भयो। जसले गर्दा सीमा क्षेत्रका नेपालीले भारतमै गएर सुनका गरगहना बनाउन थाले। साथै, भारतमा सस्तोमा सुन खरिद गरी भन्सार छलेर नेपालमा तस्करी हुन थालेको आशंका गरिएको थियो। त्यसरी नेपाली बजारमा अवैध सुन परिचालन भएको आशंकापछि सरकारले सुन र चाँदीमा लगाएको भन्सार दर घटाएको हो।



यसरी हुन्छ सुनको मूल्य निर्धारण

नेपालमा विशेष गरी लन्डन, अमेरिकालगायतका बजारमा कायम सुनको मूल्यका आधारमा मूल्य तोकिन्छ। महासंघले ०४४ देखि सुनको मूल्य निर्धारण गर्दै आएको छ। पहिला सुनको अन्तर्राष्ट्रिय बजारमा मूल्य र नेपालमा कायम डलरको मूल्यलाई एक-आपसमा गुणन गरिन्छ। त्यसरी आउने रकममा बैंकको आयात खर्च (ढुवानी, बिमाशुल्क, सुरक्षा खर्चलगायत) जोडिन्छ। साथै, नेपाल सरकारले लिने राजस्व पनि त्यसमा समावेश गरिन्छ। अन्तर्राष्ट्रिय बजारमा सुनको अभाव भएको अवस्थामा प्रिमियमसमेत जोडिन्छ। त्यसरी आउने मूल्यमा बैंक र व्यवसायीका लागि थप ०.५-०.५ प्रतिशत नाफा राखेर सुनको अन्तिम मूल्य निर्धारण गरिन्छ। महासंघले यसरी नै दैनिक सुनको मूल्य निर्धारण गर्दै आएको छ।

■ अब नेपाल र भारतमा सुनको मूल्यमा कति फरक ?

भन्सार महसुल घटे पनि नेपाल र भारतमा १० ग्राम सुनको मूल्यमा चार हजार रुपैयाँको अन्तर छ। यसअघि यस्तो मूल्यमा १६ हजार रुपैयाँको अन्तर थियो।

भन्सार दर घटाउनुअघि आइतबार भारतमा १० ग्राम सुनको मूल्य ७९ हजार ६ सय ४० भारु (एक लाख २७ हजार चार सय २४ नेपाली रुपैयाँ) थियो। सोही दिन नेपालमा १० ग्राम सुनको मूल्य एक लाख ४३ हजार तीन सय ४५ रुपैयाँ थियो।

भन्सार दर घटाएपछि अर्थात् सोमबार भारतीय बजारमा १० ग्राम सुनको मूल्य नेपाली रुपैयाँमा एक लाख २५ हजार ६ सय ८० रुपैयाँ थियो। सोही दिन नेपाली बजारमा एक लाख २९ हजार सात सय १५ रुपैयाँ छ।

यसरी विगतमा नेपालमा भन्दा भारतमा सुनको मूल्य धेरै नै कम भएपछि तस्करी बढेको आशंका गरिएको थियो। अहिले नेपाल र भारतमा सुनको मूल्यमा आंशिक मात्रामा मात्रै फरक देखिएको छ, त्यसले गर्दा अवैध रूपमा सुन भित्रिने प्रवृत्ति नियन्त्रण हुने सरकारको अनुमान छ।

■ पुरानो अर्डर रद्द हुन थाल्यो, तर नयाँ माग बढ्ने अपेक्षा

एकैपटक सुनको मूल्य उच्च मात्रामा घटेपछि सुनचाँदी पसलमा पुराना अर्डरहरू रद्द हुन थालेका छन्। पुराना अर्डरहरू पुरानै मूल्यअनुसार खरिद गर्नुपर्ने कारण ग्राहकले अर्डर रद्द गर्न थालेको रिद्धिसिद्धि ज्वेलर्सका सञ्चालक नरेन्द्रकुमार गुप्ताले बताए। महासंघका पूर्वअध्यक्ष माणिकरत्न शाक्यले पनि यसले औपचारिक रूपमा गरिने सुनको कारोबार बढ्ने बताए। 'भन्सार महसुल बढी हुँदा सुनको मूल्य पनि उच्च रहेकाले तस्करीबाट सुन बजारमा आएको थियो। यसले औपचारिक सुनको कारोबारलाई नै विस्थापित गरेको थियो। अब भन्सार महसुल कम भएसँगै औपचारिक रूपमा गरिने सुनको कारोबारमा वृद्धि हुने अपेक्षा छ,' उनले भने, 'साथै, ग्राहकबाट सुनको गरगहनाको माग पनि बढ्न सक्छ। अधिकांश ग्राहकले खरिद नै गर्न नसक्ने गरी सुनको मूल्य प्रतितोला एक लाख ७१ हजार रुपैयाँभन्दा माथि गएको थियो। त्यो त अहिले डेढ लाख हाराहारीमा आएको छ। यसले माग बढाउँछ भन्ने अपेक्षा छ।'

■ दुई सय केजी सुन आयात गर्रिदै

भन्सार दर घटेसँगै वाणिज्य बैंकहरू तत्काल दुई सय किलो सुन आयात गर्ने तयारीमा छन्। बैंकहरूले दैनिक २० किलो सुन आयात गर्न पाउँछन्। सोहीअनुसार बैंकहरूले मंसिर १ गतेदेखि १० गतेसम्मको कोटाबाट दुई सय किलो सुन आयात गर्ने तयारीमा छन्।

नेपाल बैंकर्स संघका प्रमुख कार्यकारी अधिकृत अनिल शर्माले सोमबार नै सुन आयातका लागि माग गर्न प्रस्ताव पेस गर्न बैंकहरूलाई आह्वान गरेको बताए।

'मंसिर १० गतेसम्मको कोटाअनुसार अहिले तत्काल दुई सय किलो सुन आयात गर्न पाउँछौं। त्यसमा सय किलो बागमती प्रदेश र सय किलो अन्य प्रदेशलाई आयात गर्ने हो। सोहीअनुसार बैंकहरूलाई सुन आयातका लागि प्रस्ताव आह्वान गरेका छौं,' उनले भने।

चालू आवको चार महिनामा सुनको आयात परिमाणका आधारमा ८७ प्रतिशतले घटेको छ। गत आवको पहिलो चार महिनामा एक हजार केजी पाँच सय ग्राम सुन आयात भएको थियो। तर, चालू आवको चार महिनामा एक सय ३२ केजी पाँच सय ६४ ग्राम सुन आयात भएको छ।

